सहकारीका समस्या सम्बोधन गर्न अध्यादेश : मन्त्री अधिकारी | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ • अंक २८० • २०८१ साल फाल्गुन २२ गते बिहीबार (6 March, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-


## ३२ किलोमिटर चक्रपथ शिलान्यास

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालकै सर्वाधिक लामो चक्रपथ जनकपुरधामउपमहानगरपालिकामा निर्माण हुन लागेको छ । चक्रपथ निर्माणको बुधबार पूर्वउपप्रधान एवं भौतिक पूर्वाधार मन्त्री रघुबीर महासेठले शिलान्यास गरेका छन् ।

बहुवर्षीय योजना अन्तर्गतको चक्रपथको लोहनामा नेता महासेठले शिलान्यास गरेका छन् । चालु आर्थिक वर्षमा ५ किलोमिटर कालोपत्रे हुने बताइएको छ । ३३ किलोमिटरसम्म बन्ने परिक्रमा सडक निर्माणमा ११ करोड बजेट रहेकोमा ६ करोड ६० लाखमा ठेक्का लागेको छ ।

महासेठ भौतिक पूर्वाधार तथा यातायात मन्त्री रहेको बेला चक्रपथका लागि बजेट राख्न लगाएका थिए ।

जनकपुरधाममा अहिलेको धार्मिक परिक्रमा सडकको कुल लम्बाई ९ किलोमिटर रहेको छ । संघीय राजधानी काठमाण्डुको चक्रपथ २७ किलोमिटर लामो छ ।

शिलान्यास कार्यक्रममा पूर्व मन्त्री एवं सांसद जुली महतो, प्रदेश सांसद दीपेन्द्र ठाकुर, एमाले नेता सन्तोष यादवलगायतको सहभागिता रहेको थियो ।

### पूर्वाधार विकास महोत्तरीमा ताला

# कार्यालय प्रमुख कर्णको सरुवा माग, योजना सोझैं वडामा पठाउ

**टुडे समाचारदाता**

जलेश्वर । मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास कार्यालय महोत्तरीमा बुधवार वडा अध्यक्षहरुले ताला लगाएका छन् ।




मधेश प्रदेश सरकारले रातो किताबमा उल्लेख गरेका योजनाहरु विभिन्न दलालमार्फत दबाब सहित वडा कार्यालयमा जाने गरेको आरोप वडाध्यक्षहरुले लगाएका छन् । वडाका उपभोक्ताहरुको भेला गरी प्रक्रियागत रुपमा पदाधिकारी चयन गर्दा वडा कार्यालयको प्रतिनिधि अनिवार्य उपस्थित हुनुपर्नेमा आफू खुशी अध्यक्ष, कोषाध्यक्षलगायतका पदाधिकारी चयन गरी सिफारिसका लागि दबाब दिने गरिएको उनीहरुको दुखेसो छ ।

वडा अध्यक्षहरुले उपभोक्ता समितिबाट नभइ प्रतिस्पर्धात्मक प्रक्रियाबाट विकास निर्माणको काम गर्ने सरकारले व्यक्त गरेको प्रतिवद्धताको कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् ।

चालु आर्थिक वर्षको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको १४ नम्बर बुँदामा खुल्ला एवं प्रतिस्पर्धी खरिद विधि अनुसार गर्न प्रष्ट उल्लेख रहेको वडा अध्यक्षहरुद्वारा जारी संयुक्त विज्ञप्तिमा उल्लेख छ ।

प्रदेश सरकारले भदौं महिना भित्र खरिद योजना स्वीकृत, असोज महिना भित्र बोलपत्र (टेण्डर) आह्वान गर्ने प्रष्ट प्रावधान लत्याउँदै कमिसनका लागि उपभोक्तामार्फत काम गराउन लागेको आरोप वडाध्यक्षहरुले लगाएका छन् ।

'भौतिक पूर्वाधार विकास मन्त्रालय मधेश प्रदेशले १० प्रतिशत कमिसन लिइ उपभोक्ता समितिमार्फत कार्य गर्न उद्यत रहेको छ' विज्ञप्तिमा अगाडि भनिएको छ, पूर्वाधार विकास कार्यालय महोत्तरीका प्रमुख राजेश लाल कर्णको हस्ताक्षर रहेको पत्र दलाल/विचौलियामार्फत वडा कार्यालयमा पठाइँदैछ ।

अवैधानिक कार्य रोक्न जिल्ला प्रशासन कार्यालय महोत्तरी, पूर्वाधार कार्यालय महोत्तरी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय महोत्तरीलगायतमा पटक/पटक लिखित तथा मौखिक जानकारी गराउँदा पनि काम नरोकिएको वडाध्यक्षहरुको कथन छ ।

पूर्वाधार विकास कार्यालय जलेश्वरले योजनाको नाम किटान गरी सोझै वडा कार्यालयमा पत्र पठाउन उनीहरुको माग छ । 'कमिसनको चलखेल र विचौलियाको अनैतिक कार्यलाई निरन्तरता दिने पूर्वाधार कार्यालय प्रमुख कर्णलाई आवश्यक कारबाही गरी सरुवा नगरुञ्जेलसम्म तालाबन्दी गर्न बाध्य भएका छौ' संयुक्त विज्ञप्तिमा भनिएको छ ।

वडा अध्यक्षहरुले संयुक्त रुपमा गत आइतवार महोत्तरीका प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीलाई ज्ञापन बुझाएका थिए । माग सम्बोधन नभए बुधवार पूर्वाधार विकास कार्यालयमा तालाबन्दी गर्ने चेतावनी दिए अनुसार नै ताला लगाइएको छ ।

पूर्वाधार विकास कार्यालय महोत्तरीमा ४ सय २१ वटा योजना रहेकोमा आइतबारसम्म १ सय ५६ वटाको सम्झौता भएको कार्यालय प्रमुख कर्णले बताएका हुन् । टेण्डर प्रक्रियामा २७ वटा योजना मात्र गएको छ । सम्झौता हुन बाँकी रहेका कार्यदेशहरु सबै बितरण भइसकेको कर्णले जनाएका छन् ।

तर वडा कार्यालयमा पत्र लिएर विचौलिया र दलालहरु पुग्ने गरेको वडाध्यक्षहरुको कथन छ । प्रमुख कर्णले हस्ताक्षर गरेको सबै योजना भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवको निवासमा राखिएको छ । मदन नामका व्यक्तिले योजनाहरु वापतको कमिसन बुझेर कार्यदिश दिने गरेको बताइन्छ ।

बजेट बन्दाको बखत योजना राखेकाहरुलाई जानकारी बिना नै कार्यादेश अन्य व्यक्तिले लिने गरेको बताइन्छ ।

कमिसनमा योजना बिक्री गरेको आरोप लागेपछि मधेश प्रदेश सरकारको अर्थ मन्त्रालयले मन्त्री यादवविरुद्ध एक्सन लिएको बताइन्छ । मुख्यमन्त्री सतीशकुमार सिंहलाई समेत अर्थमन्त्रीले भौतिक पूर्वाधार विकास मन्त्रीको क्रियाकलापलाई सुधार गर्न लगाउन ध्यानाकर्षण गराएको स्रोतले जनाएका छन् ।

नेपाली काँग्रेसका मन्त्रीहरुले भौतिक मन्त्रीको कारण मधेश प्रदेशमा गठबन्धन समेत धरापमा परेको बताउने गरेका छन् । कांग्रेसका सांसद र मन्त्रीको योजना समेत भौतिक पूर्वाधार मन्त्री यादवले बेचेको आरोप लगाएका छन् ।

भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादवको कारण चौतर्फी आलोचना हुन थालेपछि नेकपा एमाले मधेश प्रदेश संसदीय दलको बुधबारको बैठकमा उनलाई सचेत गराइएको छ ।

मन्त्रालयको सम्पूर्ण फाइल बोकेर नै संसदीय दलको बैठकमा पुगेका मन्त्री यादवलाई विज्ञापनमा समेत कमिसन लिएर प्रदेश बाहिर दिने गरेको भन्दै सांसदहरुले आलोचना गरे । साढे २ करोड रुपैयाँ हाराहारीको बजेटबाट मधेश प्रदेशका सञ्चारमाध्यमहरुलाई पूर्णरुपमा उपेक्षा गरेको उनीहरुले बताए ।







# एसएसबीद्वारा बरामद एक जना पक्राउ



**टुडे समाचारदाता**

रौतहट । भारतबाट नेपाली २५ लाख रुपैयाँ हुण्डीमार्फत लैजाँदै गरेका एकजना कारोबारी पक्राउ परेका छन्। कारोबारीले कलैयातर्फ ल्याउँदै गरेको करिब २५ लाख नेपाली रुपैयाँ रौतहट बारासंग जोडिएको झरौखर नाकामा सीमासुरक्षा बल एसएसबीले बरामद गरेको छ । भारतबाट हुण्डीमार्फत ठूलो परिमाणमा नेपाली रूपैयाँ लैजाने बिशेष सूचनाको आधारमा एसएसबी ७१औँ बटालियन पिपराकोठीका प्रमुख कमान्डेन्ट प्रफुल सिंह नेतृत्वको टोलीले मंगलबार साँझ चेकजाँचको क्रममा हुण्डी कारोबारीसहित सो रुपैयाँ बरामद गरेको छ ।

पक्राउ पर्नेमा भारत बिहार मोतिहारी जिल्ला घोडासहन माइस्थान चौकका दीनानाथ प्रसादको छोरा २५ वर्षीय अविनाश कुमार रहेको एसएसबीले जनाएको छ। अविनाशले चलाएर जाँदै गरेको मोटरसाइकलको ह्याण्डिलमा झुन्ड्याएको खोला भित्र नेपाली २४ लाख ७१ हजार रुपैयाँ र ३८ हजार भारतीय रुपैयाँ बरामद भएको एसएसबी क्याम्प जमुनियाका प्रमुख भाग सिंहले बताए ।

सोधपुछको क्रममा भारतीय नागरिक अविनाश कुमार हुण्डी कारोबारी रहेको र बरामद रुपैयाँ बाराको सदरमुकाम कलैया लैजाने तयारी रहेको बताएको थियो । उनले लामो समयदेखि भारतबाट हुण्डी कारोबार गर्दै आएको स्वीकार गरेको एसएसबीले जनाएको छ ।

नेपाली र भारतीय रुपैयाँ मोटरसाइकल सहित अविनाश कुमारलाई नियन्त्रणमा लिएर आवश्यक कारबाहीको लागि मंगलबार साँझ नै भारतीय झरौखर थानामा बुझाइएको एसएसबी क्याम्प जमुनियाले जनाएको छ ।

पछिल्लो समय रौतहट र बाराको विभिन्न स्थानमा नेपाली र भारतीय रुपैयाँको हुण्डी कारोबारी सक्रिय भएको देखिएको छ ।

# अमेरिकाले आधिकारिक कागज नभएका नेपालीलाई नेपाल फर्कायो

काठमाण्डु । अमेरिकाले आधिकारिक कागजात नभका नेपालीलाई स्वदेश फर्काएको छ । 'चार्टर्ड 'जहाजमार्फत उनीहरुलाई बुधबार विहान नेपाल फर्काइएको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार नेपाली बोकेर आएको अमेरिकी वायुसेवा कम्पनी ग्रिफोन एयरको जहाज गल्फजेटस्ट्रिम बिहान १० बजेर १५ मिनेटमा काठमाडौं विमानस्थलमा अवतरण गरेको थियो । जहाजमा चालकदलसहित १४ जना सवार रहेको जनाइएको छ ।

चार्टर्ड जहाज अमेरिकाको न्यु ह्याम्पसर राज्यको पोर्टसमाउथ अन्तर र्राष्ट्रिय विमानस्थलबाट बीचमा टेक्निकल ल्यान्डिङ' भएर सिधै काठमाडौं अवतरण गरेको हो । जहाज अवतरणपछि अध्यागनले आवश्यक प्रक्रिया थाल्ने प्रवक्ता शेर्पाले बताउनुभयो । जहाज भोलि बिहीबार दिउँसो ३ बजे अल्बानिया हुँदै अमेरिका फर्कने विमानस्थलले जनाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दोस्रो कार्यकाल सम्हालेयता नियमित अन्तर र्राष्ट्रिय उडानबाट आधिकारिक कागजात नभएका नेपाली घरफर्किरहेका छन् ।

अमेरिकाले फर्काइदिएका नेपाली 'सोधपुछ'का लागि प्रहरी जिम्मामा

आधिकारिक कागजात नभएका अवस्थामा नियन्त्रणमा लिई संयुक्त राज्य अमेरिकाले नेपाल फर्काइ दिएका आठ नेपाली नागरिकलाई थप 'सोधपुछ'का लागि नेपाल प्रहरीको जिम्मा लगाइएको छ । अमेरिकाको 'चार्डट' विमानबाट काठमाडौंस्थित त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थल आइपुगेका उनीहरुलाई अध्यागमक प्रक्रिया पूरा गरी सोधपुछका लागि प्रहरीको जिम्ममा लगाइएको विमानस्थलस्थित अध्यागमन कार्यालयले जनाएको छ ।

आठ जना नेपाली अमेरिकाको चार्टड विमानबाट काठमाडौं फर्काइएका हुन् । अर्का एक नेपाली पनि आजै कतार एयरवेजको नियमित उडानबाट 'डिपोर्ट' भएर काठमाडौं आइपुगेको विमानस्थलस्थित अध्यागमन कार्यालयका अध्यागमन अधिकृत यज्ञराज अर्यालले पुष्टि गर्नुभयो ।

यसअघि अमेरिकाबाट २७ नेपाली डिपोर्ट भएर फर्किइसकेका छन् । "हामीले अध्यागमन प्रक्रिया पूरा गरेर उहाँहरुलाई पठायौँ", अधिकृत अर्यालले रासससँग भन्नुभयो, "चार्टट विमानबाट आउनुभएका आठ जनाका सम्बन्धमा नेपाल प्रहरीले सोधपुछका लागि पठाइदिन आग्रह गरेकाले प्रहरीको जिम्मा लगाएका छौँ ।"रासस

# धनुषाको बजारमा छ्यापछ्याप्ती नक्कली खुकुरी चुरोट



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम लगायत धनुषाको बजारमा नक्कली चुरोटको विक्री वितरण बढेकोले बुधबार धनुषाको प्रमुख बजारमा अनुगमन गरिएको छ ।

भारतबाट अवैध तरिकाले भित्रीएका सुर्या नेपालको खुकुरी चुरोटको नक्कली चुरोटको बट्टाहरु बजारमा अनुगमनको क्रममा भेटिएको छ ।

सुर्या नेपालको प्रतिनिधी,प्रहरी,पत्रकार लगायतको टिमले धनुषाको विभिन्न ठाउमा अनुगमन गर्दा सयौको संख्यामा खुकुरी चुरोटको नक्कली पेकेटहरु बरामद गरिएको छ।

धनुषाको धनौजी गाउपालिकास्थित बहुअर्वामा करण अर्जुन किराना पसलबाट दस पेकेट,मिथिला विहारी नगरपालिकाको विभिन्न किरानाबाट सयौ चुरोटका बट्टाहरु खुलेआम विक्री वितरण भइरहेको पाइएको छ ।

खुकुरी चुरोट जस्तै ठयाक्कै कपी गरिएको नक्कली चुरोटको बटटामा गोल्ड स्टेप टोवाको प्राइभेट लिमिटेडको नाम लेखिएको छ भने उक्त कम्पनीको चुरोट पाँचरुपैयामा विक्री वितरण हुदै आएको देखिएको छ । जवकि सुर्या टोवाले उत्पादन गरेको खुकुरी चुरोट दस रुपैया प्रति खिल्ली विक्री वितरण हुदै आएको छ ।

सुर्या टोवाकोका कम्पनी प्रतिनिधीका अनुसार खुकुरी चुरोटको नक्कली बट्टाहरु भारतबाट उत्पादन भई चोरबाटो भएर नेपालमा प्रवेस गरि मधेशका पसलहरु पुरयाईदैआएको अवस्था छ भने यस विषयमा विभिन्न पसलमा पटक पटक अनुगमन गरि नक्कली चुरोट बेचे कानुनी कारवाहीमा जाने भनेर चेतावनी दिएपनि विक्री वितरण नरोकिएको बताए। उनले भारतबाट खुलेआम खुकुरी फिल्टर प्रवेस गराएर सरकारको करोडौ राजश्वको क्षति गराएपनि सम्वन्धित निकाय मौन रहेको बताए ।

यता बुधबार अनुगमनबाट प्राप्त नक्कली चुरोटहरुलाई प्रहरीको जिम्मा लगाईएको छ भने नक्कली चुरोटहरुलाई नष्ट गरिने बताइएको छ ।

नक्कली र सक्कली चुरोटका सम्बन्धमा सूर्य नेपाल प्रालिका जनकपुरधाम क्षेत्रका एरिया म्यानेजर प्रकाश भण्डारीले सक्कलीमा गाढा रातो रङको डिब्बा छ भने नक्कलीमा कम रातो छ ।

# पुरोहितलाई नियमन गरिँदै

काठमाण्डु । पुराण वाचक, ज्योतिषी कर्म गर्ने र कर्मकाण्ड गर्ने ब्राह्मणको परीक्षा लिएर अनुमतिपत्र दिने तयारी सुरु भएपछि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिमा प्रशिक्षण लिनेको भीड लागेको छ ।

प्रशिक्षण लिन चाहनेको भीड लागेपछि यही महिनाको अन्तिमदेखि छ महिने कार्यक्रम सुरु गर्न लागिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो । ज्योतिष र कर्मकाण्ड प्रशिक्षण लिन चाहनेहरु समितिमा आएर सोधपुछ गर्न थालेपछि सूचना निकालेर यही महिनाको अन्तिमदेखि प्रशिक्षण दिन लागिएको हो । समितिमा आफैँ खोजी गर्दै २० जना प्रशिक्षार्थी आएको समितिले जनाएको छ ।

प्रशिक्षण लिन चाहनेमध्ये महिला र अपाङ्गलाई छुटको व्यवस्था पनि गर्न लागिएको उहाँले सुनाउनुभयो । ज्योतिष प्रशिक्षण लिन भने जनजाति र दलित पनि आउने गरेको समितिले जनाएको छ । रासस

# संसद् चल्न नदिने प्रतिपक्षी दलहरूको अडान

काठमाण्डु । प्रतिनिधिसभामा प्रतिपक्षी दलहरूले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलाई सोधिएको स्पष्टीकरणबारे जानकारी माग गर्र्दै त्यसबारे सभामुखमार्फत रुलिङको माग गरेका छन् ।

सभामुख देवराज घिमिरेले प्रतिनिधिसभाको बुधबारको बैठक सुरु भएको घोषणा गर्नासाथ प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) सहित सबै प्रतिपक्षी दल उठेपछि माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेलाई बोल्ने समय दिनुभएको थियो ।

उहाँले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई निरन्तर स्पष्टीकरण सोधिरहेको तथा मूल्याङ्कनमा शून्य नम्बर दिएको कुरा के हो, त्यस विषयमा सभामुखमार्फत सरकारसँग जानकारी माग गर्नुभयो ।रासस

# इप्रका महेन्द्रनगरका इन्स्पेक्टरको विदाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषास्थित इलाका प्रहरी कार्यालय महेन्द्रनगरका इन्स्पेक्टर सोनुकुमार साहको विदाइ भएको छ ।

करिब एक वर्षसम्म क्षीरेश्वरनाथ नगरपालिकास्थित इप्रका महेन्द्रनगरमा कार्यरत रहेका इन्स्पेक्टर साहले शान्ति सुरक्षाका लागि प्रभावकारी भूमिका निर्वाह गरेको भन्दै क्षीरेश्वरनाथ नगरपालिकाका मेयर सुखदेव यादवले विदाइ गरेका थिए ।




त्यस्तै इन्स्पेक्टर साहको विदाइको क्रममा वडाध्यक्ष र वडा सदस्यहरुसमेतको सहभागिता रहेको थियो । भने जनप्रतिनिधि र पार्टी प्रतिनिधिले पनि विदाइ गरेको थियो । त्यस्तै महेन्द्रनगरस्थित नेपाली सेनाको विष्णु गणका गणपति प्रभु महतले पनि इन्स्पेक्टर साहको विदाइ गरेका थिए । भने उद्योग वाणिज्य संघ जनकपुरका अध्यक्ष सुरेन्द्र भण्डारी र स्थानीय युवाहरुले इलाका प्रहरी कार्यालयमै विदाइ गरेको थियो ।

इन्स्पेक्टर साहको सरुवा जनकपुरधामस्थित नेपाल प्रहरी गणमा भएको छ ।

# यथार्थपरक नयाँ बजेट तर्जुमा गर्न अर्थमन्त्रीको आग्रह

काठमाण्डु । अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण प्रक्रिया प्रारम्भ गरेको छ । सोही क्रममा मन्त्रालयले बुधबार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका साथै सम्बद्ध विभाग र निकायसँग परामर्श गरेको छ ।

उक्त अवसरमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षको बजेट अनुशासित र यथार्थपरक हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । यथार्थपरक बजेट ल्याउँदा आर्थिक वर्षको बीचमा रकमान्तर तथा संशोधनको आवश्यकता नपर्ने र कार्यान्वयन गर्न सहज हुने उहाँको भनाइ छ ।

मन्त्रालयगत छलफलका क्रममा अर्थमन्त्री पौडेलले बजेट निर्माणमा विगतका अनुभवबाट सिक्दै अघि बढ्नुपर्ने बताउनुभयो । त्यस्तै, सङ्घीय संरचनालाई ध्यानमा राखी सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्ने गरी बजेट निर्माण गरिने उहाँको भनाइ थियो ।




बजेट बनाउँदा सबै मन्त्रालय तथा अन्य निकायको सहकार्य आवश्यक पर्ने र बजेटप्रति सबै पक्षको अपनत्व हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

विपद्पछिको पुनःनिर्माणलाई प्राथमिकतामा राखी कार्यान्वयनयोग्य, प्रभावकारी र नतिजामुखी बजेट निर्माण गर्ने पनि अर्थमन्त्री पौडेलले बताउनुभयो ।

सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच समन्वय मिलाई आगामी आर्थिक वर्षको बजेट तयार गरिनेसमेत उहाँले स्पष्ट पार्नुभयो । कार्यान्वयन गर्न कठिन हुने तथा न्यून प्राथमिकताका आयोजनालाई स्थगन गर्दै व्यवहारिक योजना मात्र समावेश गर्न अर्थमन्त्री पौडेलले सम्बन्धित मन्त्रालयलाई निर्देशन दिनुभएको छ ।

साना योजना कटौती गर्दै क्रमागत योजनाको संख्या घटाउनुपर्ने उहाँको सुझाव थियो । साथै, पूर्वतयारी पूरा भएका र अत्यावश्यक आयोजनालाई मात्र समेट्नुपर्नेमा उहाँले जोड दिनुभयो । बजेट प्रस्ताव गर्दा सिलिङलाई ध्यानमा राख्नुपर्ने उल्लेख गर्दै अर्थमन्त्री पौडेलले मन्त्रालयलाई योजनाबद्धरूपमा कार्य गर्नसमेत आग्रह गर्नुभयो ।

राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रू १९ खर्ब ६५ करोडको सीमाभित्र रहेर बजेट ल्याउन सकिने गरी सरकारलाई सिफारिस गरेको छ ।रासस

# देशलाई समृद्ध बनाउने मुख्य क्षेत्र ऊर्जा र जलस्रोत

डुम्रे । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले देशलाई समृद्ध बनाउने बाटोमा सरकार लागिपरेको बताउनुभएको छ ।

तनहुँको भानु नगरपालिका-१ डुम्रे भन्सार बजारमा बुधबारदेखि सञ्चालित चौथो डुम्रे सांस्कृतिक तथा व्यापारिक महोत्सव २०८१ शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले देशलाई समृद्ध बनाउने मुख्य बाटो नै ऊर्जा र जलस्रोत रहेको बताउनुभएको हो ।

उहाँले भन्नुभयो, "वर्तमान सरकार समृद्धिको बाटोमा लागिसकेको छ, ऊर्जा र जलस्रोतको उपयोग गर्दै देशलाई दीर्घकालीन समृद्ध बनाउने लक्ष्यमा छौँ ।" उहाँले दुई ठूला राजनीतिक दल मिलेर सरकार दीर्घकालीन समृद्धितर्फ लागिसकेको बताउनुभयो ।

मन्त्री खड्काले सुस्ताएको व्यापारलाई चलायमान बनाउन व्यापारिक मेला, महोत्सवले मुलुकलाई समृद्ध बनाउन टेवा पुग्ने बताउनुभयो । "ऊर्जा र जलस्रोतको माध्यमबाट मात्रै देशलाई दीर्घकालीन समृद्ध बनाउन सम्भव छ", उहाँले भन्नुभयो, "समृद्धिको यात्राका लागि भरपर्दो र विश्वासिलो सरकार आवश्यकता थियो, अस्थिर सरकारका कारण व्यापारिक गतिविधि नै अलमलमा थियो, दुई ठूला राजनीतिक दलको समन्वयले देशलाई समृद्ध बनाउने छौँ ।"रासस


ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : काममा विभिन्न अवसर पाइनेछ ।
वृष : रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ ।
मिथुन : व्यापार व्यवसायमा प्रशस्त फाइदा हुने योग रहेको छ ।
कर्कट : काममापरिवारकोसहयोगप्राप्तहुनेछ।
सिंह : आफ्नो क्षेत्रको नेतृत्व गर्दै विदेश जाने योग रहेको छ ।
कन्या : आफन्तको सहयोगले महत्वपूर्ण कामको थालनी हुनेछ ।
तुला : स्वास्थ्यमा सुधार आउनेछ । भेटघाटमा समय बित्नेछ ।
वृश्चिक : श्रमको उचित मूल्यांकन हुनेछ। नयाँ ज्ञान प्राप्त हुने योग रहेको छ ।
धनु : सामाजिक क्षेत्रमा नेतृत्व हातलागी हुनेछ।
मकर : समाजमा मानसम्मान र प्रतिष्ठा कमाउने बेला छ ।
कुम्भ : साथीभाईको सहयोगले महत्वपूर्ण कामहरु सफल हुनेछन् ।
मीन : पढाई लेखाइमा प्रगति हुनेछ। आस मारेको कामले उत्साह जगाउने छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ५:०० बजे
बिहान पूजा आरती : ८:०० बजे
भोगराज लाग्ने समय : ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो) : १२:०० बजे
मन्दिर बन्द हुने समय : १२:०० बजे
खुल्ने समय (दिउँसो) : ४००: बजे
रात्री आरती पूजा हुने समय : ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय : १०:०० बजे

जानकी मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

राम मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे



जनकपुरधामस्थित जानकी मन्दिरको तस्विर लिँदै एक विदेशी पर्यटक । *तस्विर : रासस*

# इस्लाम धर्मावलम्बीद्वारा माध्यमिकी परिक्रमाका यात्रीको स्वागत

महोत्तरी । इस्लाम धर्मावलम्बीले मडैबाट ध्रुवकुण्ड पुगेका मिथिला माध्यमिकी परिक्रमाका यात्रीलाई आज स्वागत गरेका छन् । परिक्रमा यात्राको सातौँ दिनको रात्रि विश्रामस्थल ध्रुवकुण्ड हो जहाँ इस्लाम धर्मावलम्बीको बाहुल्य छ ।




बलवा नगरपालिकाका रौजा, धमौरा र अधियानपुरका इस्लाम धर्मावलम्बीले यात्रीलाई खादा र माला लगाइ दिएर स्वागत गरेका हुन् ।

सत्ययुगमा राजा उत्तानापाद र सौतेनी आमाको अपमान सहन नसकेर राजकुमार ध्रुवले तपस्या गरेका स्थान मानिने ध्रुवकुण्ड हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्र हो ।

हिन्दू धर्मावलम्बीको पवित्रस्थल ध्रुवकुण्डसँगै मुस्लिम परम्पराका सुफी सन्त गदालीबाबा, बहार अलीबाबा र रहमत अलीबाबाको पवित्र मजार छन् । धमौराका बासिन्दा सामाजिक, राजनीतिक कार्यकर्ता मन्सुल कवारी भन्नुहुन्छ, "हिन्दूहरू मजारस्थलमा श्रद्धा जनाउँदै आशिष माग्न आउँछन्, हामी इस्लाम धर्मावलम्बी ध्रुवकुण्डको विकासबारे चासो राख्छौँ ।" मजार र ध्रुवकुण्ड आफ्नो स्थान चिनाउने पवित्रस्थल भएको हुँदा हिन्दू र मुसलमान दुवैले मानसम्मान गर्ने कवारी बताउनुहुन्छ ।

बुधबार ध्रुवकुण्डको बासपछि यात्री भोलि महोत्तरीको अन्तिम विश्रामस्थल कञ्चनवन प्रस्थान गर्नेछन् ।रासस

# मानवअधिकारको रक्षाका लागि सरकार कटिबद्ध छः प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले मानवअधिकारको रक्षा र संविधानको मौलिक हकहरुको कार्यान्वयनका लागि सरकार कटिबद्ध रहेको बताउनुभएको छ ।

मानवअधिकार रक्षकहरुको पाचौँ राष्ट्रिय सम्मेलन एवं राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानव अधिकार एलायन्स) को छैटौँ राष्ट्रिय महाधिवेशनको बुधबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले मानवअधिकारका लागि आन्दोलन गर्ने दुई ठूला दलको सहभागितामा अहिलेको सरकार बनेकाले यसले मानवअधिकारको उल्लङ्घन हुन नदिन र कानुनी शासनको पालना गर्नमा विशेष महत्व दिने स्पष्ट गर्नुभएको हो ।

"अहिले व्यवस्थामा परिवर्तनसँगै अवस्थामा परिवर्तन भइसकेको तर मावनअधिकारका सन्दर्भमा नक्कली कुरा गर्नेहरु पनि देखिएका छन् । सरोकार नभएको, अर्थ र मर्म थाहा नभएको वा थाहा पाएर पनि बोल्नका लागि बोल्नेहरु पनि छन् । सत्य कुरा बोल्दा मानवअधिकार रक्षकहरुलाई अमानवीय धम्की दिने असामाजिक क्रियाकलाप भएका छन्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "अहिलेको सरकारले मानवअधिकार हननकर्तालाई कानुनको दायरामा ल्याउँछ । नेपाली जनतालाई सुखी र समृद्ध बनाउनका लागि यथार्थरुपमा मानव अधिकार स्थापित हुनुपर्छ भन्नेमा हामी स्पष्ट छौँ । प्राकृतिकरुपमा सुन्दर र उर्बर भूमि नेपालका हरेकको नागरिकको जीवन सहज, विभेदरहित, निर्भय र शान्तिपूर्ण हुनुपर्छ भन्नेमा सरकार स्पष्ट छ ।"

नेकपा (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले लोकतन्त्र प्राप्तिका लागि भएका विभिन्न आन्दोलनका सहिदहरुको त्याग र बलिदानबाट आज मुलुकमा मानवअधिकार सुनिश्चित भएको उल्लेख गर्नुभयो । पञ्चायती शासनविरुद्धको आन्दोलनका क्रममा जेल सार्ने बहानामा २०२९ सालको आजकै दिन झापाको सुखानी जङ्गलमा लगेर हत्या गरिएका सहिदहरु रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइँकेल, वीरेन राजवंशी र नारायण श्रेष्ठ तथा अन्य कालखण्डका सहिदहरुलाई सम्झँदै प्रधानमन्त्री ओलीले जनताको अधिकारका लागि लागेकालाई मुत्युदण्ड दिने त्यस्ता शासकका पक्षधरहरुले राजतन्त्र ब्युँताउने कुरा गर्नु स्वीकार्य नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "आफू स्वयंले कठोर जेल यातना भोगेकाले अहिलेको सरकारको पहिलो कर्तव्य मानव अधिकारको सुनिश्चित गर्नु हो, मानवअधिकारको रक्षा गर्ने कुरामा सम्झौता हुँदैन ।"

प्रधानमन्त्री ओलीले कागजमा लेखिएको मानवअधिकारले खान लाउन नदिने भएकाले गरिबी र भोकमा तड्पिएका बालबालिका र सबैले खाना लाउन पाउने अधिकारका लागि आफूहरुले काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले नेपालले मुत्युदण्डको सजायँको व्यवस्था नअपनाउने स्पष्ट गर्दै दोषका आधारमा कडाभन्दा कडा सजायँ दिन सकिने बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले 'एलायन्स'द्वारा पहिलोपटक स्थापित रु एक लाख राशीको केपी शर्मा ओली मानव अधिकार तथा स्वतन्त्रता पुरस्कार वरिष्ठ पत्रकार भैरव रिसाललाई प्रदान गर्नुभयो । सो पुरस्कार छनोटका लागि मानवअधिकारकर्मी सुशील प्याकुरेलको संयोजकत्वमा डा विपीन अधिकारी र डा उषा झा सम्मिलित छनोट समिति गठन गरिएको थियो ।

कार्यक्रममा नेकपा (एमाले) को जनसङ्गठन संयन्त्रका संयोजक भानुभक्त ढकाल, एलायन्सका इञ्चार्ज विष्णु रिजाल, नेपाली कांग्रेसका सामाजिक सेवा विभाग प्रमुख दलबहादुर रावल, गैरसरकारी संस्था महासङ्घका अध्यक्ष राम सुवेदीलगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण


काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रमुख सचेतक ज्ञानबहादुर शाहीले रङ्गशाला यही फागुन १९ गते प्रधानमन्त्री कपको फाइनल प्रतियोगितामा दर्शकमाथि भएको आक्रमणको निन्दा गर्दै दोषीलाई कानुनी दायरामा ल्याउन माग गर्नुभयो ।

प्रतिनिधिसभाको बुधबारको बैठकको आकस्मिक समयमा उहाँले संविधानले कुनै पनि नागरिकलाई कुट्न पाउने अधिकार नदिएको भन्दै सार्वजनिक कार्यक्रममा नागरिक कुट्नेलाई कारबाही गरी विधिको शासन कायम गर्न आग्रह गर्नुभयो ।

प्रमुख सचेतक शाहीले नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई तत्काल हटाउन नहुने धारणा राख्दै घाटामा रहेको प्राधिकरणलाई फाइदामा लगेर उज्यालो नेपालको अभियान्ता बन्नुभएका उहाँलाई नहटाउन सरकार समक्ष माग गर्नुभयो ।

सांसद सर्वेन्द्रनाथ शुक्लाले यही फागुन १६ गते रुपन्देहीको मायादेवीद्री डङ्चाहवा भन्ने स्थानमा दीपक लोध नामको व्यक्तिले राजु लोदलाई गोलीहानी हत्या गरेको घटनाको छानबिन गरी दोषीलाई कानुनी दायरामा ल्याउन माग गर्नुभयो ।

उहाँले करिब २२ महिनाअघि सोही स्थानमा अर्को कर्तव्य जानसम्बन्धी मुद्दामा मृतकको आमाले प्रहरीमा जाहेरी दिन गएको बेला उल्टै यातना दिएको भन्ने घटनाको अहिलेसम्म अनुसन्धान हुननसकेको भन्दै यस्ता घटनाको सत्यतथ्य छानबिन गर्न आग्रह गर्नुभयो ।



सांसद प्रभु साहले रौतहटमा एक दलित वृद्ध गङ्गाराम बैठालाई बिनाकारण धुनामा राखेको र निजको परिवार धर्नामा रहेको जनाउँदै घटनाबारे यथार्थ जानकारी बाहिर ल्याउन माग गर्नुभयो ।

> सांसद प्रभु साहले रौतहटमा एक दलित वृद्ध गंगाराम बैठालाई बिनाकारण धुनामा राखेको र निजको परिवार धर्नामा रहेको जनाउँदै घटनाबारे यथार्थ जानकारी बाहिर ल्याउन माग गर्नुभयो । उहाँले रौतहटको राईस मिलको संरक्षण गर्न पनि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले रौतहटको राईस मिलको संरक्षण गर्न पनि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद वासुदेव घिमिरेले यही फागुन ४ गते धुलिखेल अस्पतालमा चिकित्सा शास्त्रतर्फ स्नातकोत्तर तह (एमडी) मनोचिकित्सा विभागमा अध्ययनरत रुपन्देही तिलोत्तमा-८ निवासी रचना पाण्डेले कलेजमा भएको यातना सहन नसकी आत्महत्याको प्रयास गरेको विषय संसद्मा जानकारी गराउनुभयो ।

विद्यार्थी पाण्डेले यातना सहन नसकेर आत्महत्याको प्रयास गरेकामा उपचारपछि उनी सकुशल रहे पनि घरमा विछिप्त अवस्थामा रहेकी भन्दै उक्त लापरबाही र घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद ध्रुवबहादुर प्रधानले यही फागुन १३ गते पश्चिम नवलपरासीमा एउटा जीपले जम्मा भएको भीडलाई एक्कासि कुल्चिएर घाइते बनाएको घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । धोबी केटा र मुस्लिम केटीको विवाहको सन्दर्मा यो घटना भएको उहाँको दाबी छ ।

सांसद मनिष झाले उदयपुर सिमेन्ट उद्योग लिमिटेडबाट अवकाश प्राप्त एक सय तीन कर्मचारीलाई तत्काल बाँकी रहेको सेवासुविधा उपलब्ध गराउन सरकारको ध्यानार्कषण गराउनुभयो । उहाँले अवकाशको तीन वर्षसम्म पनि कर्मचारीले कुनै सुविधा रकम उपलब्ध नभएको भन्दै तत्काल पाउनुपर्ने सुविधा उपलब्ध गराउन सभामुखमार्फत सरकारको ध्यानार्कषण गराउनुभयो ।

"सिमेन्ट उद्योगमा आफ्नो जीवनको ३५ वर्ष दिएकाहरूले अब के दिन बाँकी छ यो सरकारलाई अनि उनीहरूले पैसा पाउँछन् ?", उहाँले प्रश्न गर्नुभयो ।

सांसद झाले सार्वजनिक संस्थानमा राजनीतिक नियुक्तिले प्रभाव पारिरहेको बताउँदै नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई सरकारले हतोत्साहित गर्न नहुने धारणा राख्नुभयो ।

सांसद ठाकुरप्रसाद गैरेले आन्दोलनरत वन उपभोक्ता महासङ्घको माग सम्बोधनका लागि ध्यानार्कषण गराउनुभयो ।

उहाँले वन पैदावरको प्रयोग सही ढङ्गले गर्न सक्दा आयातलाई घटाएर निर्यात गर्ने क्षमता देशसँग भएको उल्लेख गर्दै आन्दोलनलाई वार्तामार्फत निकास खोज्न आग्रह गर्नुभयो ।

सांसद गैरेले शिक्षक महासङ्घले विगतमा सरकारसँग गरेको सम्झौताको कार्यान्वयन गर्न समेत माग गर्नुभयो ।

"लुम्बिनी प्रदेशको राजधानीमा जारी आन्दोलनमा वार्ताको प्रारम्भ भएको छ । प्रदेशस्तरबाट समाधान हुने विषयदेखि राष्ट्रियस्तरमा उठेका र उठ्न खोजेका विषयलाई तत्काल समाधान र सम्बोधन गर्नुपर्छ", सांसद गैरेले भन्नुभयो ।रासस

# ललिता निवास जग्गा प्रकरणमा विशेषको फैसलाविरुद्ध आयोग सर्वोच्चमा

काठमाण्डु । ललिता निवासको जग्गा हिनामिनाका सन्दर्भमा विशेष अदालतले गरेको फैसला त्रुटीपूर्ण रहेको दाबी गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।

आयोगले ललिता निवास क्याम्पभित्रको सरकारी जग्गा गैरकानुनी रुपमा व्यक्ति तथा संस्था विशेषको नाममा कायम गरी भ्रष्टाचार गरेको मुद्दामा प्रतिवादी कलाधर देउजासमेत रहेको विशेष अदालतबाट भएको फैसला चित्त बुझ्दो नभएको भनी पुनरावेदन गरेको हो ।

आयोगले २०७६ माघ २२ गते विशेषमा मुद्दा दायर गरेको थियो । सो मुद्दामा विशेषले २०८० फागुन ३ गते केहीलाई सफाई र केहीलाई आशिंक सफाइ दिएको थियो । आयोगले पूर्वमन्त्रीहरु विजयकुमार गच्छदार डम्बर श्रेष्ठ र चन्द्रदेव जोशीलाई पुनः प्रतिवादी बनाएको छ ।आयोगले तथ्य पुष्टि गर्ने सबुत प्रमाणको न्यायोचित विश्लेषण नगरी फैसला गरिएको, कर्मचारीलाई अनुचित प्रभावमा पारी गैरकानुनी लाभ हासिल गर्नेलाई प्रमाण बमोजिम कारवाही गर्नुपर्ने र प्रतिवादीविरुद्ध सबुत प्रमाणका आधारमा कसुर ठहर गरी दण्ड तथा जरिवाना समेत हुनुपर्नेमा त्यसो नभएको उल्लेख गरेको छ ।

आयोगले केही छिमेकी देशको समेत उदाहरण पेस गर्दै विशेषको फैसला त्रुटीपूर्ण र बदरभागी रहेको जनाएको छ । आयोगका प्रवक्ता नरहरि घिमिरेले ललिता निवासका सन्दर्भमा विशेष अदालतको फैसला विरुद्ध पुनरावेदन गरिएको जानकारी दिनुभयो ।

आयोगले एक सय ३६ रोपनी जग्गामा अनियमितता भएको





निष्कर्ष पेस गरेको थियो । सो अनियमिततामा ६० जना सरकारी कर्मचारी, जग्गाधनी वा मोही भनिएका ३२ जना, कमिसनमा सरकारी जग्गा लिने १८ जना र जफत प्रयोजनका लागि ६५ जनालाई अभियुक्त दाबी गरेको थियो । केही कर्मचारी र अन्य केहीलाई मात्रै दोषी ठहर गर्दै विशेषले राजनीतिक व्यक्ति र पूर्व उच्च कर्मचारीलाई सफाइ दिएको थियो ।

आयोगले केही तथ्य र कानुनी प्रावधान एवम् छिमेकी देशका अदालतले गरेका फैसला समेत उल्लेख गर्दै पुनरावेदन गरेको हो ।

"प्रतिवादीका हकमा विशेष अदालतबाट फैसला गर्दा मन्त्रिपरिषद्को सामूहिक निर्णयका मूल निर्णयकर्ता रहेको, सोही सामूहिक निर्णयको अक्षुण्णताको संरक्षण यी प्रतिवादीलाई समेत जाने, यी प्रतिवादीको कुनै हदसम्म संलग्नता देखिए पनि बदनियत पुष्टि हुन नसकेको भन्ने आधार लिई सफाइ दिएको देखिन्छ", आयोगले गरेको पुनरावेदनमा भनेको छ ।

यस्तै, आयोगले गरेको पुनरावेदनमा भनिएको छ "फौजदारी कसुरमा संलग्न कुनै पनि कसुरदारका हकमा कुनै पद वा हैसियत वा निजको प्रभाव वा औकातलाई मापन गरी फौजदारी दायित्वबाट उन्मुक्तिको वा सफाइको आधार कदापि बन्न सक्तैन व्यक्तिगत रुपमा फौजदारी कसुर गरेको अवस्थामा न त कुनै पनि व्यक्तिलाई नीतिगत निर्णयको घुम्टोमा बेरी सफाइ दिन सकियोस् ।"

विशेषको फैसलामा नीतिगत निर्णय गर्ने प्रतिवादीलाई नीतिगत निर्णय गर्ने सदस्यको हैसियत देखाई सफाइ दिएको देखिएको र सो सफाइ गलत भएको आयोगले उल्लेख गरेको छ । फैसलामा प्रतिवादीको जुन निर्णयमा संलग्नता थियो, त्यो निर्णय गर्दा निजको बदनियत देखिएन भनी सफाइ दिने दोस्रो आधार उल्लेख गरिएको छ । यो आधार नै कानुन सम्मत् नभएको आयोगको दाबी छ ।

मन्त्रिपरिषद्ले गरेको सामूहिक निर्णय र विभागीय मन्त्रीले गरेको व्यक्तिगत निर्णयलाई फरक दृष्टिकोणले हेरिनुपर्ने प्रस्तुत मुद्दाका कसुर तथ्यलाई त्यसरी नहेरी यी प्रतिवादी विरुद्धका कसुर पुष्टि हुने सबुद प्रमाणलाई गोलमटोल तवरले नीतिगत निर्णय भनी व्याख्या विश्लेषण गरिएकामा आयोगले आपत्ति जनाएको छ ।रासस


# घिसिङलाई हटाउन सरकारले चलखेल गरेको छैन : मन्त्री खड्का



दमौली । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाउन कुनै चलखेल नगरेको बताउनुभएको छ । तनहुँको डुम्रेमा बुधबारदेखि सुरु हुने डुम्रे सांस्कृतिक महोत्सवको उद्घाटनका लागि आउनुभएका मन्त्री खड्काले सञ्चारकर्मीसँगको भेटमा एउटा कर्मचारीलाई हटाउन सरकारले कुनै चलखेल नगरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "एउटा कर्मचारीलाई हटाउन सरकारले किन चलखेल गर्नुपर्छ र सरकारलाई आवश्यकता भएको बेला हटाउन सक्छ, आवश्यकताअनुसार कर्मचारी राख्न पनि सक्छ ।" मन्त्री खड्काले नेपाल विद्युत् प्राधिकरणलाई योगदान पुऱ्याउनेलाई पुरस्कार र गलत गर्नेलाई दण्डित गरिने उल्लेख गर्नुभयो ।

नेपाल विद्युत् प्राधिकरणलाई कार्यसम्पादन मूल्याङ्कनमा शुन्य अङ्क किन भन्ने सञ्चारकर्मीसँगको प्रश्नमा मन्त्री खड्काले भन्नुभयो, "विद्यार्थी जाँचमा उपस्थिति नहुँदा के हुन्छ, यसमा पनि त्यही भएको हो । समयमै कार्यसम्पादन नबुझाएकाले अङ्क प्राप्त गर्न नसक्नुभएको हो ।"रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# भूमिसम्बन्धी अध्यादेश स्थगन

सरकारले जनता समाजवादी पार्टी (जसपा) नेपालसितको सहमतिमा भूमिसम्बन्धी अध्यादेश संसदमा पेश नगर्ने भएको छ। संसदमा दर्ता गरिएको ६ वटा अध्यादेश मध्ये भूमिसम्बन्धी अध्यादेश बाहेकको ५ वटा अध्यादेश संसदबाट पास हुने निश्चित छ । राष्ट्रियसभामा अध्यादेश पास गर्न जसपा नेपालको अनिवार्य सहयोग चाहिन्छ। राष्ट्रिय सभामा अल्पमतमा रहेको सरकारका लागि जसपा नेपालको समर्थन भए अध्यादेश सहजै पास हुनेछ । जसपा नेपालले भूमिसम्बन्धी अध्यादेश मधेश र मधेशीको मात्र नभइ समग्रमा देशकै हितमा नरहेको ठहर गरेको छ। भूमिसम्बन्धी अध्यादेशले तराई मधेश मरुभूमि हुने र अनावश्यक रुपमा बसाइसराइ भएर जनसंख्या थपिने छ। मधेश प्रदेशमा अहिले पनि देशको कुल जनसंख्याको आधा हाराहारीमा छ। सरकारले भूमिसम्बन्धी अध्यादेश जसरी पनि पास गर्ने हठबाट पछाडि हटेर सकारात्मक सन्देश दिएको छ। देशहितमा नहुने कामका लागि सरकार पछाडि हट्नु पर्छ । राष्ट्रहितभन्दा ठूलो कुनै दल र नेता होइन । जसपा नेपालले राखेको माग अनुचित थिएन । नेकपा एमाले, नेपाली कांग्रेसलगायत सत्तासाझेदार दलहरुले भूमिसम्बन्धी अध्यादेशलाई सकारात्मक मानेका थिए। यद्यपि सत्ता साझेदार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले भूमिसम्बन्धी अध्यादेशलाई समर्थन नगर्ने धारणा सार्वजनिक गरेको थियो । मधेशवादी दल रहेको दाबी गर्ने अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) भूमिसम्बन्धी अध्यादेशलाई समर्थन गरेको थियो । जनमत पार्टीले पनि भूमिसम्बन्धी अध्यादेशको विरोध गरेन । भूमिसम्बन्धी अध्यादेशलाई रोक्न जसपा नेपालको भूमिका नेतृत्वदायी रह्यो। विपक्षी दलहरुले सबै अध्यादेशको विरोध गरे पनि जसपा नेपालले भूमिसम्बन्धी अध्यादेशको मात्र विरोध गरे। त्यसलाई रोक्न जसपा नेपाल सफल पनि भएको छ । अध्यादेशको सवालमा जसपा नेपालका अधयक्ष उपेन्द्र यादवले अत्यन्त सुझबुझका साथ कदम चालेका छन् । उनले सरकारमाथि अत्यधिक दबाब पनि बनाए । तर सरकारलाई दिएको समर्थन फिर्ता पनि लिएन। सरकारको कडा आलोचना गरे पनि समर्थन फिर्ता नलिइ विपक्षीहरुको कित्तामा जानबाट जोगिए। सरकारलाई दिएको समर्थन फिर्ता लिएर विपक्षीहरुको गठबन्धनमा जसपा नेपाल गएको भए भूमिसम्बन्धी अध्यादेश रोक्ने क्रेडिट नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले लिने थिए । अध्यक्ष प्रचण्डले दिएको गहिरो घाउको पीडाबाट जसपा नेपालका अध्यक्ष यादव मुक्त भइसकेका छैनन्। मधेश विरोधी भूमिसम्बन्धी विधेयकलाई रोकेर जसपा नेपालले मधेश प्रतिको जिम्मेवारी निर्वाह गरेको छ । सत्तामा पुग्नु हरेक राजनीतिक दलको लक्ष्य हुन्छ । जसपा नेपाल पनि त्यसबाट अलग होइन। भूमिसम्बन्धी अध्यादेशलाई जसपा नेपालले बार्गेनिंगको विषय नबनाएको प्रष्ट भएको छ। जसपा नेपालमाथि अनेक आरोप लगाउने जनमत लगायतका पार्टी राजनीतिक दौडमा पछि छुटेको छ।

# ऊर्जा क्षेत्रको विकास नै समृद्ध नेपालको एकमात्र विकल्प



दीपक खड्का

समृद्ध नेपाल सुखी नेपाली प्रधानमन्त्री केपी शर्मा ओलीले लिएको एकमात्र लक्ष्य हो । यो लक्ष्य पुरा गर्ने बाटोमा सरकारले काम गरिरहेको छ। नेपाललाई समृद्ध बनाउनका लागि हामीसँग धेरै सम्भावना र क्षेत्रहरू छन् ।

ती क्षेत्रहरू मध्ये सबैभन्दा सहज र सजिलै छोटो अवधिमा समृद्धि हासिल गर्ने भनेको ऊर्जाको विकासबाट नै हो। प्रकृतिले दिएको पानी र सौर्य ऊर्जालाई प्रयोग गरेर हामीले छिटै समृद्धि हासिल गर्न सक्छौँ । समृद्धि हासिल गर्न सकिएमा सुखी नेपाली हुन कसैले रोक्न सक्दैन ।

करिब ७ महिना अघि जब म मन्त्रालयमा मन्त्रीको जिम्मेवारीमा आएँ मैले यही बाटो समाएर काम अघि बढाएको छु । यो अवधिमा मैले केही निश्चित योजनाहरूलाई केन्द्रमा राखेर काम पनि अघि बढाएको छु, जसको नतिजा भावी दिनमा यही पुस्ताले देख्न पाउने छ।

आज म यो भन्दा फरक मात्र ऊर्जाबाट कसरी समृद्धि हासिल गर्न सक्छ भन्ने विषयमा मात्र चर्चा गर्दछु। हामीले पानीबाट ऊर्जा निकाल्न थालेको एक शताब्दी बितिसकेको छ तर हामी यसमा बिस्तारै प्रगति गर्दै आएका छौँ। विगत १२८ वर्षको कुरा गर्दा त्यतिबेला प्रविधि पनि थिएन ऊर्जा उत्पादनका लागि समय व्यतीत भइरहेको थियो।

जब हामीले यो क्षेत्रमा निजी क्षेत्रलाई प्रवेश गरायौँ अनि बिस्तारै विकास र आकर्षण दुवै बढेको देखिन्छ । पछिल्लो आठ/दस वर्षभित्रै निजी क्षेत्रको सहभागितामा ३५ सय मेगावाट विद्युत् उत्पादन भएको छ । अहिले बनाउन सक्ने परियोजनाबारे अध्ययन भइसकेका छन्, पूर्वाधार तयार छन् । यी निर्माणाधिन आयोजनाहरूमा बाटोघाटो पुगिसकेको छ।

अब चारदेखि पाँच वर्षमा ती आयोजना निर्माण भइसक्छन् । ठुला ठुला आयोजनालाई छ/सात वर्ष लाग्ला, अन्यथा चार वर्षभित्र आयोजना सम्पन्न हुने परिस्थिति देखिएको छ। यो हाम्रो समृद्धितिरको यात्रा हो । हिजो किन ढिलासुस्ती भयो भन्ने कुरा मन्त्रालयले पहिचान गर्न थालेको छ। हामीले यसका लागि ८१ बुँदे मार्गचित्र पनि सार्वजनिक गरेको छौँ। जुन मार्गचित्रले सबै कुरा प्रस्ट नै भनेको छ।

ऊर्जा विकास समृद्धिको एकमात्र विकल्प हो । तर अहिलेको प्राधिकरण र त्यसको नेतृत्वबाट यो सम्भव देखिएको छैन । विद्युत् प्राधिकरणमा धेरै समस्या नै देखिन्छ।

मार्गचित्रमा यसरी काम गर्न सकिन्छ भनेर मोडालिटी पनि तयार गरेका छौँ। लगानीको पक्ष स्वपुँजी, जनतालाई सहभागी गराउने, निजी क्षेत्र र अन्तर्राष्ट्रिय जगतलाई पनि आह्वान गरेर यो क्षेत्रको विकास गर्न सकिन्छ भनेर हामीले त्यसमा प्रस्ट उल्लेख गरेका छौँ। यो लक्ष्य प्राप्ति गर्दै गर्दा समृद्ध हुने बाटोतिर नेपाल अग्रसर हुने छ। अनि आफ्नो बजेट आफ्नै कमाइबाट बनाउने स्थितिमा नेपाल पुग्ने छ। यो अवस्थामा हामी समृद्ध नेपाली हुँदै सुखी नेपालीमा परिणत हुने छौँ।

हामीलाई पूर्ण रूपले आत्मनिर्भर हुन एक/दुई वर्ष समय लाग्न सक्छ। वर्षायाममा जति निर्यात गरेका छौँ, सुक्खा मौसममा त्योभन्दा कम आयात गरेका छौँ । यसले पनि केही सन्तुलन गरेको छ। दीर्घकालीन समाधान होस् भनेर हामी जलाशययुक्त आयोजना गइरहेका छौँ। मन्त्रालयको प्राथमिकता पनि यसमा रहेको छ। त्यस्तै ऊर्जा सुरक्षालाई ध्यानमा राखेर पनि मन्त्रालयले काम गरिरहेको छ।

### अब ढिलाइ हुँदैन

आयोजनामा हुने ढिलाइहरू अव सरकारले सहँदैन । प्राकृतिक प्रकोप मान्छेको नियन्त्रणबाहिरको कुरा हो, निजी क्षेत्र र सरकारको लगानी भएका दुवै आयोजनाको काममा कसैलाई पनि कुनै क्षमा हुने छैन।

त्यो बाहेक विभिन्न निकायमा समन्वय गर्नुपर्ने झन्झटिलो प्रक्रियाले समय लिने कुरालाई हामीले बुझेर नै प्रभावकारी र चुस्त संयन्त्र निर्माणको कार्य अघि बढाएका छौँ । यही एउटा कारण लागत बढेको भन्दै गुनासोलाई अव बाँकी राखिने छैन।

स्रोत पूर्ण रूपले सुनिश्चित नभई काम गर्ने प्रवृत्तिले पनि लागत बढ्ने गरेको छ। अव यो प्रवृत्ति अन्त्य हुने छ। हिजोका दिनमा बाटोघाटो थिएन। भनेको समयमा पुग्न सकिँदैनथ्यो। यसरी लागत बढ्थ्यो। अहिले त्यस्तो अवस्था कहीँ कतै पनि छैन । दैवी प्रकोपबाहेकका अवस्थामा आयोजना स्थल जानका लागि कुनै अवरोध छैन यस कारण यसलाई देखाएर लागत अव बढ्दैन ।

आयोजनामा हुने ढिलाइहरू अव सरकारले सहँदैन। प्राकृतिक प्रकोप मान्छेको नियन्त्रणबाहिरको कुरा हो, निजी क्षेत्र र सरकारको लगानी भएका दुवै आयोजनाको काममा कसैलाई पनि कुनै क्षमा हुने छैन।

मूल्यवृद्धिले हिजोको तुलनामा लागत बढ्ने त छँदै छ। अहिलेको सन्दर्भमा लागत कम गर्ने समय सीमाले नै हो । समयभित्र काम सम्पन्न गर्ने गरी सरकारको तयारी छ। निजी क्षेत्रलाई पनि त्यही रूपमा सहयोग गर्ने उद्देश्यका साथ काम गरिरहेका छौँ ।

अव हामीले कामको 'मोडालिटी' मा केही परिवर्तन गर्नु पर्छ। हिजो हामीसँग कम विद्युत् थियो। बढी प्रयोग गर्नेसँग बढी लिन्थ्यौँ। कम प्रयोग गर्नेसँग कम लिन्थ्यौँ। अब विद्युत् बढी हुन्छ। जसले धेरै किन्छ, उसलाई त्यही अनुपातमा कम गर्ने शैली सरकारले अपनाउने छ। बढी खपत गर्नेलाई आकर्षित गर्नुपर्ने छ। ऊर्जा खपत हुने गरी इन्डक्सन चुलोलाई घर घरमा पुऱ्याउनु पर्छ । सरकारले बजेटको कार्यक्रम मार्फत केही योजना अघि सारेको छ भने केही मन्त्रालयगत रूपमा पनि अघि सारिएको छ।

अव भारतवाट आउने एलपी ग्यास विस्थापित गर्ने हो। यसो गर्न सके आयात पनि घट्छ र आन्तरिक खपत पनि बढ्छ । यसले नेपालको पैसा नेपालमै पनि खर्च गराउँछ। अहिले हामी भारतसँग ग्याँस किन्न ठुलो रकम खर्च गरिरहेका छौँ। यो रकम नेपालभित्रमात्र बस्ने हो भने हामीलाई धेरै फाइदा हुने छ।

अब ठाउँ ठाउँमा चार्जिङ स्टेसनहरू राखिने छ । विद्युत् प्रयोग गरेर आन्तरिक खपत बढाइन्छ । त्यसका लागि आकर्षित गर्ने सरकारको नीति नै छ । के के गर्दा आन्तरिक उत्पादन खपत हुन्छ र प्रयोग गर्ने क्षमता बढ्छ, त्यसबारे तीव्र बहस भइरहेको छ । त्यसमा हामी लागिरहेका छौँ। त्यसबारे गृहकार्य भइरहेको छ। यो सँगै रोजगारी पनि सोही स्तरमा वृद्धि हुँदै जाने छ। रोजगारीसँगै समृद्धि भएर ऊर्जा, पर्यटन, कृषि र शिक्षाको पनि विकास हुने छ। यिनीहरूकै वृद्धिबाट हामी सम्पन्न र समुन्नत हुन सक्छौँ। हामीले समृद्धि समृद्धि भनिरहेका छौँ।

**हामीले १० वर्षभित्र भारतमा १० हजार र बङ्गलादेशमा पाँच हजार मेगावाट विद्युत् निर्यात गर्ने भनिरहेका छौँ । त्यसका लागि आवश्यक पर्ने प्रसारण लाइन निर्माणका लागि महत्त्वपूर्ण सहमति भएको छ । सहमति भएको प्रसारण लाइन निर्माण हुँदा हामी भारत र बङ्गलादेशमा १७/१८ हजार मेगावाट विद्युत् निर्यात गर्न सक्छौँ ।**

यही समृद्धि प्राप्त गर्नका लागि एक नम्बरमा ऊर्जा क्षेत्रलाई लिनु पर्छ। ऊर्जा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर स्थानीय तहमा पनि यस क्षेत्रको विकास गर्ने योजनाहरू स्थानीय सरकारहरूले अघि सार्नुपर्छ । सानो आकारका हाइड्रोपावरहरूको विकास, अनि अन्तर स्थानीय तह मिलेर साझा हाइड्रो पावर विकासको अवधारणालाई पनि अघि सार्न जरुरी छ।

अधिकतम बेरोजगार हुनेहरूले पनि यस क्षेत्रमा रोजगारी प्राप्त गर्न सकिने विषयमा सुझाव दिई सहयोग गर्नु पर्छ । विदेशमा रहेका तमाम नेपाली दाजुभाइलाई पनि यसमा लगानी गर्न आग्रह गर्दछु। यसो हुन सक्यो भने मुलुकको बजेट पनि अर्को क्षेत्रले खोजिरहनु पर्दैन। आज ऊर्जा क्षेत्रको विकासबाटै मुलुकको समृद्धि हासिल हुन्छ। सबैलाई समयमै जोडिन आग्रह गर्न चाहन्छु। गरिब, विपन्न र पिछडा वर्ग; जोसँग केही पनि छैन; उनीहरूलाई यो क्षेत्रमा सेयर सुनिश्चित गरेर सरकार अगाडि बढ्न चाहेको छ। त्यसमा सबैको साथ र सहयोगको खाँचो छ।

### भारत भ्रमणले देखाएको आसा

माघको अन्तिम साता 'इन्डिया इनर्जी विक २०२५' मा भाग लिने अवसर मिल्यो । यो नेपालको ऊर्जा विकासका लागि निकै उपलब्धिमूलक रह्यो।

ऊर्जा मन्त्रालय सम्हालेपछिको यो दोस्रो भारत भ्रमण थियो। नयाँ दिल्लीमा नेपाल-भारत सचिवस्तरीय संयुक्त निर्देशक समितिको १२ औं बैठक पनि सम्पन्न भयो । करिब दुई वर्षदेखि टुङ्गोमा पुऱ्याउन नसकिएका नेपाल-भारत अन्तर्देशीय प्रसारण लाइनका केही विषयमा उल्लेख्य उपलब्धिमूलक भएका छन्।

सबैभन्दा ठुलो र लामो समयदेखि अल्झेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजना अगाडि बढाउने बारेमा सहमति अगाडि बढेको छ। यसलाई प्रधानमन्त्रीस्तरीय बैठकबाट अन्तिम टुङ्गो लगाउनेबारे महत्त्वपूर्ण छलफल भएको छ। नेपालसँग भएका ठुला आयोजना सम्पन्न गर्नेबारे छलफल भएको छ। यसले नेपालको ऊर्जा विकासमा एक नयाँ आसाको सिर्जना गरेको छ।

भारत भ्रमणका क्रममा विद्युतमन्त्री मनोहरलाल खट्टर, जलशक्ति मन्त्री सिआर पाटिलसँगको भेट विशेष रह्यो । बैठकमा नेपाल-भारत मौजुदा विद्युत् प्रसारण लाइन, निर्माणाधीन तथा प्रस्तावित अन्तर्देशीय प्रसारण लाइन, भारतीय लगानीका विभिन्न जलविद्युत् आयोजना तथा सम्बद्ध प्रसारण लाइन आयोजना, अन्तर्देशीय विद्युत् आयात-निर्यातलगायतका विषयमा छलफल भई सहमति भएको छ।

पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री हरदीपसिंह पुरीसँग छुट्टाछुट्टै भेटवार्ता भयो उक्त भेटले नेपाल भारतका बिचमा ग्यासका विषयमा उल्लेख्य सहमति भएका छन्।

सबैभन्दा ठुलो र लामो समयदेखि अल्झेको पञ्चेश्वर बहुउद्देश्यीय आयोजना अगाडि बढाउने बारेमा सहमति अगाडि बढेको छ। यसलाई प्रधानमन्त्रीस्तरीय बैठकबाट अन्तिम टुङ्गो लगाउनेबारे महत्त्वपूर्ण छलफल भएको छ। नेपालसँग भएका ठुला आयोजना सम्पन्न गर्नेबारे छलफल भएको छ। यसले नेपालको ऊर्जा विकासमा एक नयाँ आसाको सिर्जना गरेको छ।

### ऊर्जा विकास मार्गचित्रमा एक पाइला

नेपाल र भारतबिच अन्तर्देशीय प्रसारण लाइन निर्माणको मोडालिटीबारे दुई देशबिच सचिवस्तरका बैठकमा सहमति पनि भएको छ । ऊर्जा विकास मार्गचित्र-२०८१ ले राखेको २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादनको लक्ष्य पूरा गर्न उक्त सहमति कोसेढुङ्गा साबित हुने छ। उक्त सहमति मुलुक र ऊर्जा क्षेत्रका लागि ठुलो उपलब्धि हो।

हामीले १० वर्षभित्र भारतमा १० हजार र बङ्गलादेशमा पाँच हजार मेगावाट विद्युत् निर्यात गर्ने भनिरहेका छौँ। त्यसका लागि आवश्यक पर्ने प्रसारण लाइन निर्माणका लागि महत्त्वपूर्ण सहमति भएको छ । सहमति भएको प्रसारण लाइन निर्माण हुँदा हामी भारत र बङ्गलादेशमा १७/१८ हजार मेगावाट विद्युत् निर्यात गर्न सक्छौँ।

बङ्गलादेशका ऊर्जा मन्त्रीसँग पनि महत्त्वपूर्ण भेटघाट र छलफल भयो । हामीले जुन उद्देश्यका साथ बङ्गलादेशसँग पनि विद्युत् व्यापार गरेका हौँ, त्यसलाई अगाडि बढाउने सङ्केत मिलेको छ। चाँडै नै यसले पनि मूर्त रूप लिन्छ। नेपालले भारतको सहयोग लिएर काम गर्नुपर्ने भएकाले बङ्गलादेशतर्फ पनि प्रसारण लाइन बनाउने विषयमा छलफल अगाडि बढेको छ।

नेपाल र भारतबिच अन्तर्देशीय प्रसारण लाइन निर्माणको मोडालिटीबारे दुई देशबिच सचिवस्तरका बैठकमा सहमति पनि भएको छ । ऊर्जा विकास मार्गचित्र-२०८१ ले राखेको २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादनको लक्ष्य पूरा गर्न उक्त सहमति कोसेढुङ्गा साबित हुने छ।

टनकपुरदेखि नेपाल-भारत सिमानासम्मको लिङ्क नहर निर्माण सम्पन्न भइसकेको छ तर यसका लागि सञ्चालन कार्यविधि प्रक्रियालाई चाँडै अन्तिम रूप दिई महाकाली सन्धि अनुसार पानी छाड्ने सहमति भएको छ। दुई देशबिचको बाढी र डुबान व्यवस्थापन गर्न संयुक्त समितिको बैठक आगामी मार्च २२ देखि २४ सम्म गर्ने छलफल भएको छ।

हाल सञ्चालनमा रहेको पहिलो अन्तर्देशीय ढल्केबर-मुजफ्फरपुर चार सय किलोभोल्ट प्रसारण लाइनबाट हुने विद्युत् आयात-निर्यातको परिमाण आठ सय मेगावाटबाट एक हजार मेगावाट पुऱ्याउने विषय अगाडि बढ्ने भएको छ। यस्तै चमेलिया (नेपाल) जौलिजीवी (भारत) बिचको २२० किलोभोल्ट डबल सर्किट प्रसारण लाइनको विस्तृत परियोजना प्रतिवेदन मार्च २०२५ सम्म तयार गर्ने र नेपाल खण्डको प्रसारण लाइन नेपाल विद्युत् प्राधिकरण तथा भारत खण्डको प्रसारण लाइन पावर ग्रिडले डिसेम्बर, २०२७ सम्म निर्माण सम्पन्न गर्ने भएको छ।

नेपाल र भारतबिच इनरुवा-न्यु पूर्णिया र दोदोधरा बरेलीबिचको चार सय किलोभोल्ट क्षमताका अन्तर्देशीय प्रसारण लाइनको निर्माण संयुक्त उपक्रममार्फत क्रमशः सन् २०२८/२९ र २०२९/३० सम्ममा सम्पन्न गर्ने लक्ष्य छ। यसका लागि नेपालतर्फको प्रसारण लाइन नेपाल विद्युत् प्राधिकरणको ५१ प्रतिशत र भारतको पावर ग्रिडको ४९ प्रतिशत तथा भारततर्फको प्रसारण लाइनका लागि ५१ प्रतिशत पावर ग्रिड र ४९ प्रतिशत विद्युत् प्राधिकरणको स्वपुँजी रहने गरी संयुक्त उपक्रमको मोडालिटीमा गर्ने सहमति भयो । संयुक्त उपक्रम कम्पनी स्थापनासम्बन्धी कार्य एक महिनाभित्र थालनी गर्नेसमेत सहमति भयो । सन् २०३४-३५ सम्मका लागि नेपालबाट थप विद्युत् भारत निर्यात गर्न तल उल्लिखित अन्तर्देशीय प्रसारण लाइनको विस्तृत परियोजना प्रतिवेदन तयार गरी निर्माण तथा विस्तार गरिने भएको छ।

### हाम्रो बजार भारत र बङ्गलादेश नै हो

हाम्रो ठुलो बजार भनेको भारत र बङ्गलादेश हो। चीनतर्फ निर्यात भइहाल्ने अवस्था छैन । त्यहाँ पनि ट्रान्समिसन लाइन बनाएर भोलिका दिनमा केही निर्यात गर्न सकिन्छ कि भन्ने त छ। भारतकै सहयोगमा बङ्गलादेशमा बिक्री गर्न सकिन्छ। हाम्रो मुख्य ध्यान भनेको त्यहाँको लगानी तथा बिक्री र कहिले कहिले आवश्यकता पर्दा आयात गर्ने भन्ने नै हो। यही सम्बन्ध विस्तार गर्ने, मजबुत बनाउने र लगानी आकर्षित गर्ने हो। सरकार एक्लैले गर्न सक्ने परिस्थिति छैन । हामीले निजी क्षेत्रलाई साथमा लिएर अघि बढ्नु पर्छ। निजी क्षेत्रका पनि आफ्नै सम्बन्ध छन् भारतमा । त्यसमार्फत पनि भारतको सहयोग लिन सक्छौँ।

हाम्रो ठुलो बजार भनेको भारत र बङ्गलादेश हो। चीनतर्फ निर्यात भइहाल्ने अवस्था छैन । त्यहाँ पनि ट्रान्समिसन लाइन बनाएर भोलिका दिनमा केही निर्यात गर्न सकिन्छ कि भन्ने त छ।

यो क्षेत्रमा हामीले विकास गर्दै गर्दा २८ हजार पाँच सय मेगावाट अबको १० वर्षमा पुऱ्याउँछौँ भनेका छौँ। झन्डै २५ हजार मेगावाट अबको १० वर्षमा निर्माण गर्ने भन्ने हो। त्यसका लागि ६२ खर्ब जतिको लगानी हुने छ। लगानी भइरहँदा स्रोत परिचालन र देशमा आम्दानी हुँदै गर्दा विपन्न वर्गको सहभागिता कसरी हुने भन्ने विषयलाई हामीले प्रमुख एजेन्डा बनाएका छौँ। मन्त्रालयले अहिले निर्णय नै गरेको छ। विपन्न वर्गलाई न्यून ब्याजदरमा दुई लाखदेखि पाँच लाख रुपियाँसम्मको सेयर सुनिश्चित गराउने भन्ने छ । यो 'मोडालिटी' मा काम गर्न सक्नु पर्छ। यसो गर्दा सबै मन्त्रालयबाट समृद्धिका लागि काम गर्नुपर्ने प्रधानमन्त्रीको निर्देशनबमोजिम ऊर्जा मन्त्रालयले पनि त्यसै अनुसार काम गरिरहेको छ । दुईदेखि पाँच लाख रुपियाँको सेयर प्रतिघरधुरीलाई दिलाउन सकेपछि २० प्रतिशत जो विपन्न परिवार हुनुहुन्छ तथ्याङ्कमा, उहाँहरूलाई सेयर दिलाइसकेपछि पाँच वर्षभित्र विपन्नको सङ्ख्या नेपालबाट हट्छ। अनि हाम्रो यात्रा समृद्धितर्फको हुने छ। हामी त्यसतर्फ अग्रसर छौँ। सरकारबाटै सुरु गर्छौँ। निजी क्षेत्रले गर्ने जति पनि आयोजना छन्, तिनमा पनि नेपालको वित्तीय क्षेत्रका संस्थालाई बोलाएर एकै ठाउँमा राखी यो मोडालिटीमा काम गर्न सकिन्छ। निजी क्षेत्रले गर्ने आयोजनामा पनि कम्तीमा २० प्रतिशत त्यो वर्गलाई छुट्याएर लगानी गर्न सकियो भने मुलुक समृद्ध बनाउन समय लाग्ने छैन।

### प्राधिकरणको पुनर्संरचना जरुरी

ऊर्जा विकास समृद्धिको एकमात्र विकल्प हो । तर अहिलेको प्राधिकरण र त्यसको नेतृत्वबाट यो सम्भव देखिएको छैन । विद्युत् प्राधिकरणमा धेरै समस्या नै देखिन्छ । हाम्रो ऊर्जाको सबैभन्दा ठुलो निकाय भनेको विद्युत् प्राधिकरण मात्रै हो। प्राधिकरणले उत्पादन, वितरण र बिक्री पनि गर्छ। सबै काम एउटै युनिटले गर्दा पनि समस्या देखिएको होला। लगानीका दृष्टिकोणले पनि खर्बौं लगानी गर्ने निजी क्षेत्रले छोटो अवधिमा २७/२८ सय मेगावाट विद्युत् उत्पादन गर्न सक्ने छ। हामी सरकारको सारा संरचना लगाएको क्षेत्र जम्मा साढे सात सय मेगावाटमा रमाउनुपर्ने यो स्थितिको समस्या के हो ? यसको जरैबाट हेरेर आमूल परिवर्तन गर्दै छौँ । उत्पादन, वितरण र बिक्री तीन वटा पक्षलाई अलग गरेर गर्नु पर्छ कि भनेर मन्त्रालयले गृहकार्य गरिरहेको छ। हिजो के केमा कमी कमजोरी भए ? कहाँनिर समस्या भयो ? समस्याको जड के हो ? यसलाई पत्ता लगाएर आमूल परिवर्तन गरी अगाडि बढ्ने लक्ष्यका साथ मन्त्रालयले गृहकार्य अगाडि बढाइरहेको छ।

निजी क्षेत्रले गर्ने आयोजनामा पनि कम्तीमा २० प्रतिशत विपन्नलाई छुट्याएर लगानी गर्न सकियो भने मुलुक समृद्ध बनाउन धेरै समय लाग्ने छैन।

हिजो बङ्गलादेशमा विद्युत् बिक्री गर्ने भनेको २०/२५ वर्ष भएछ। कुरा हुने काम नहुने, केही धिमे गतिमा हुने कामलाई तीव्र गतिमा अगाडि बढाउनुपर्ने आवश्यकता छ। हिजो हुँदै भएको थिएन, म आएर आमूल परिवर्तन गरेँ भन्ने पक्षमा म छैन । हिजो पनि केही भएको थियो। त्यसको जगमा बसेर ढिलासुस्ती हटाई अगाडि बढ्नुपऱ्यो भन्ने हो। (लेखक खड्का ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री हुन्)

# एनआरएनएमा एकताः आजको आवश्यकता



शेष घले

विदेशमा बस्ने नेपालीहरुको साझा संस्था गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) यतिबेला असहज अवस्थामा छ । १०औं महाधिवेशनका क्रममा चर्किएको विवाद ११औं महाधिवेशनमा आइपुग्दा थप तिक्ततापूर्ण देखियो । सङ्घको विभिन्न तहमा नेतृत्व चुन्न गराइएका निर्वाचनको विश्वसनीयताबारे प्रश्नहरु उठे र केही साथीहरुको मन विभाजित हुनपुग्यो। यसले गर्दा एनआरएनए अभियानमा ठूलो धक्का लागेको छ।

सन् २००३ मा नेपाल बाहिर रहेका नेपालीहरु भेला भएर जुन लक्ष्य र उद्देश्यअनुसार सङ्घको स्थापना गरियो, पछिल्लो समय त्यो लक्ष्य र उद्देश्यअनुरुप संस्थाले अघि बढ्न सकेको देखिँदैन। विधानमा भएको व्यवस्थाअनुरुप अघि बढ्न नसक्दा समस्याहरु जेलिँदै गएका छन्। संस्थाप्रति नै नैराश्यता पैदा गराउने किसिमका गतिविधिले विश्वभरि फैलिएका लाखौं प्रवासी नेपालीका मुद्दाहरुले प्राथमिकता पाउन सकेको छैनन् । एनआरएनएहरुबीच भावनात्मक एकता र सामूहिक सहकार्यको अभावमा समसामयिक एवम् नियमित रुपमा अघि बढाउनुपर्ने मुद्दाहरु थाती रहेको अवस्था छ। यसका कारण विदेशमा सिकेको ज्ञान, सीपलाई स्वदेशमा भित्र्याउन र लगानी गर्नका लागि जटिलता पैदा भइरहेको छ।

यस्ता सबै किसिमका मतभेद र मनभेदलाई अन्त्य गरेर सङ्घलाई लयमा फर्काउन सम्मानित सर्वोच्च अदालतले २०८० चैत २१ गते एकताको महाधिवेशन गर्न आदेश दियो । अदालतको फैसलाको छ महिनापछि २३ अक्टोबर २०२४ मा उच्चस्तरीय समितिलाई परराष्ट्र मन्त्रालयबाट निर्देशन प्राप्त भयो। सामूहिक जिम्मेवारी र स्पष्टता सुनिस्चित गर्न उक्त निर्देशन उच्चस्तरीय समितिका सबै सदस्यहरुलाई पठाइएको थियो। उक्त निर्देशन प्राप्त भएको ३० दिनभित्र १९ नोभेम्बर २०२४ मा उच्चस्तरीय समितिको पहिलो बैठक बस्यो। त्यस सँगसँगै ६ महिनाभित्र अन्तर्राष्ट्रिय साधारणसभा आयोजना गर्नु पर्ने समयावधि पनि सुरु भयो।

### प्रगतिको मार्गचित्र

उच्चस्तरीय समितिले पूर्णता पाएसँगै करिब एक दर्जन बैठकहरु बसी एकताको महाधिवेशनको मार्गचित्र कोरिएका छन्। विश्वभरका एनआरएनहरु निरन्तर संवादमा छन् र एकताको महाधिवेशनमार्फत संस्थालाई वैधानिक र लोकतान्त्रिक पद्दतिमा हिडाउन आतुर छन्। सर्वोच्च अदालतको परमादेश र फैसला कार्यान्वयन निर्देशनालयले हालै गरेको पत्राचारका आधारमा परराष्ट्र मन्त्रालयले कानुन मन्त्रालयको सिफारिसमा एकजना सरकारी प्रतिनिधि पनि तोकिदिएकाले कामलाई अगाडि बढाउन सहजता मिलेको छ। परमादेशको निर्णय खण्डको बुँदा नम्बर छ मा उल्लेख भएको विषयले पनि पूर्णता पाएकाले अब विधिवत रुपमा अधिवेशनमार्फत एनआरएन एकताका लागि अगाडि बढ्न कुनै अवरोध छैन।

विश्वभरका एनआरएनए सदस्यहरुलाई नेपालमै आएर प्रत्यक्ष मतदान प्रक्रियामार्फत नयाँ नेतृत्व चयन गर्न हामीले आह्वान गरेका छौँ। सम्मानित सर्वोच्च अदालतले यसअघि नै संस्थाको विवाद, सदस्यता, नवीकरण र निर्वाचनमा भएको अनियमिततालाई गहिरो रुपमा अध्ययन गरेरै परमादेश दिएकाले सोही अनुसार अघि बढेमा मात्र संस्थामा एकता कायम गर्दै अगाडि बढ्न सक्ने अवस्था छ ।

एनआरएनए परराष्ट्र मन्त्रालयमा दर्ता भएको संस्था भएकाले राष्ट्रिय समन्वय परिषद (एनसीसी) हरुसँग समन्वय र सहकार्य मात्र गर्ने हो, नियन्त्रण गर्न खोज्नु सान्दर्भिक हुँदैन। उच्चस्तरीय समितिले ३१ मार्च २०२५ भित्र सङ्घको सदस्य बन्न योग्य सबै एनआरएनहरुलाई सदस्यताका लागि आवेदन दिन वा आफ्नो सदस्यता नवीकरण गर्न आह्वान गरेको छ। आगामी अप्रिल १५ सम्म एनसीसीहरुले अधिवेशन गरेर उच्चस्तरीय समितिलाई जानकारी मात्र गराए पुग्छ। एनआरएनएको अधिवेशन गर्न एनसिसीको अधिवेशन जरुरी पर्दैन तर आपसी समझदारी एवम् सल्लाह चाहिँ हुनुपर्छ।

एकता महाधिवेशन बिना अब एनआरएनहरुबीच भावनात्मक र सामूहिक सहकार्य हुने अवस्था देखिदैन । यतिबेला अदालतको पहिलो र दोस्रो फैसलालाई आफूखुशी व्याख्या गर्ने परिपाटीले समस्या निम्त्याइरहेको छ। अदालतको फैसला र परमादेशलाई तथ्यगत रुपमा व्याख्या नगरी आफूखुशी व्याख्या गरेर गैर आवासीय नेपालीहरुलाई रनभुल्लमा पार्ने प्रयास गरिएको छ । यद्यपि, अदालतको फैसलालाई राम्रोसँग अध्ययन गरेर काम गर्दा कुनै किसिमको द्विविधामा बसिरहनुपर्ने अवस्था देखिदैन । एनआरएन विवादका सम्बन्धमा न्यायाधीशद्वय सपना प्रधान मल्ल र नहकुल सुवेदीको इजलासले फैसला सुनाउँदा नै सात बुँदामा जारी गरेको परमादेशले स्पष्ट रुपमा एकताको महाधिवेशन गराउन आदेश दिएको छ।

उच्चस्तरीय समितिले समितिको पहिलो बैठक बसेको मितिले छ महिनाभित्र सङ्घको सदस्यता, निर्वाचन तथा अधिवेशन प्रतिनिधि छनोटलगायत सम्बद्ध सम्पूर्ण विवादको समाधान गरी एकतापूर्ण महाधिवेशन गर्न/गराउन अख्तियारी दिएकाले यसमा पनि कुनै संशय लिनुपर्ने अवस्था छैन । हामीले हाम्रो काम परराष्ट्र मन्त्रालयको तर्फबाट गरिरहेका छौं भन्ने कुरा महत्वपूर्ण छ। सर्वोच्च अदालतको आदेश पालना गर्दै हामीले कानुनको शासन तथा सुशासन पालना गर्न नेपाल सरकारलाई पनि सघाइ रहेका छौं।

### एउटा ऐतिहासिक अवसर

अहिलेको समय गैरआवासीय नेपाली सङ्घका लागि एउटा ऐतिहासिक अवसर हो । लामो समयदेखि गैरआवासीय नेपाली सङ्घ एउटा बलियो आधार बिना नै काम गर्दै आइरहेको छ।

हाम्रो ध्येय भनेको गैरआवासीय नेपाली सङ्घलाई कानुनको शासन, निष्पक्षता, पारदर्शिता र लोकतन्त्रका सिद्धान्तहरुमा उभिएको सदस्यतामा आधारित संस्थामा रुपान्तरण गर्नु हो। यो प्रक्रिया एउटा लोकतान्त्रीकरणको प्रयास पनि हो, जसले संस्थाको भविष्य निर्धारित गर्न हरेक सदस्यलाई एउटा आवाज दिनेछ । यी रुपान्तरणलाई मूर्तरुप दिन एउटा नयाँ विधान मस्यौदा गरिनेछ । यो विधानले उत्थानशील तथा सुदृढ गैरआवासीय नेपाली सङ्घ निर्माण गर्न जगको काम गर्नेछ।

वास्तवमा एनआरएनएमा निष्पक्षता, पारदर्शिता तथा प्रजातान्त्रिक सुशासन सुनिश्चित गर्नका लागि सर्वोच्च अदालतले दिएको 'म्यान्डेट' नै पर्याप्त छ। 'कानुनको शासन' पालना गर्नुपर्ने विश्वव्यापी मान्यताअनुरुप एनआरएनए अभियन्ताहरु पनि यसबाट अलग हुन सक्दैनन्।

अदालतको आदेशलाई आफू अनुकूल परिभाषा गर्ने प्रवृत्तिले संस्थालाई बलियो बनाउँदैन। गत अप्रिल २०२४ मा सर्वोच्च अदालतको संक्षिप्त फैसला र पछि प्राप्त पूर्णपाठसहितको फैसला स्पष्ट र निर्देशनात्मक थिए र तिनमा कुनै पनि अस्पष्टता थिएन । एनआरएनएभित्र रहेका पद्धतिगत मुद्दाहरुलाई सम्बोधन गर्ने तथा छ महिनाभित्र अन्तरराष्ट्रिय साधारण सभा (आइजीए) आयोजना गर्ने भनेर प्रष्ट र बुझिने भाषामा स्पष्ट पारिएकाले अब कुनै संशय लिइरहनुपर्ने देखिँदैन।

हाम्रो जिम्मेवारी भनेको कानुनी निर्देशन पूरा गर्ने मात्रै नभएर यो एउटा दिगो तथा प्रजातान्त्रिक संस्था निर्माण गर्नका लागि दरिलो ढाँचा निर्माण गर्ने अवसर पनि हो। सदस्यता वितरण र नवीकरणको पाटो सँगसँगै अघि बढिसकेकाले संस्थालाई रुपान्तरण गर्ने अवसर आएको छ । लोकतान्त्रिक सिद्धान्तमा उभिएको सदस्यतामा आधारित संस्थामा रुपान्तरण गर्नुपर्ने चुनौतीका बीच हामी यो प्रयासमा इमान्दारीपूर्वक लागेका छौं।

### सबैको बाटो एउटै

संस्थाको आधारस्तम्भ भनेका सदस्यहरु हुन्। त्यसैले विधानमा भएको स्पष्ट व्यवस्था अनुरुप हरेक मुलुकमा विद्यमान सदस्यता नवीकरणका साथै नयाँ सदस्यता खोलिएको, महाधिवेशनमा भाग लिन चाहने सदस्यहरुले आफ्नो इच्छा व्यक्त गर्ने अवसर प्रदान गरिसकिएकाले एकताको महाधिवेशनले खुड्किलो चढिसकेको छ। आउँदो कैयौं दशकसम्म क्रियाशील रहन सक्ने गैरआवासीय नेपाली सङ्घ निर्माण गर्नको लागि आधारभूमि तयार भइसकेको अवस्था छ। झन्डै चार हजार प्रतिनिधि अधिवेशनमा सहभागी बन्ने अपेक्षाअनुसार काम भइरहेकाले यसबाट नेपालको पर्यटन उद्योगमा रु ५० करोड बराबरको सामूहिक योगदान प्राप्त हुने अपेक्षा गरिएको छ।

# श्रम र आप्रवासन समस्याबारे परराष्ट्रसहित तीन मन्त्रालयको बैठक




काठमाण्डु । वैदेशिक रोजगारीमा रहेका तथा नेपाली आप्रवासनका क्षेत्रमा हाल देखिएका समस्याको समन्वयात्मक रुपमा समाधान गर्ने विषयमा बुधबार परराष्ट्र, गृह र श्रम तथा रोजगार मन्त्रीको संयुक्त बैठक सम्पन्न भएको छ । परराष्ट्र मन्त्रालयको अग्रसरतामा मन्त्री डा आरजु राणा देउवा, गृहमन्त्री रमेश लेखक, श्रम तथा रोजगारमन्त्री शरतसिंह भण्डारी र ती मन्त्रालयका सचिव सम्मिलित सो बैठकमा नेपालको श्रम तथा आप्रवासन क्षेत्रलाई थप व्यवस्थित गर्ने विषयमा छलफल भएको थियो ।

रोजगारी, अध्ययन तथा अन्य कामका सिलसिलामा नेपाली कहाँ र कसरी पुगेका छन् भन्नेबारे परराष्ट्रलाई थाहा नहुने तर उनीहरुको उद्धार गर्नुपर्ने अवस्थामा मात्र थाहा हुने भएकाले यस विषयमा छलफल गर्न मन्त्री डा राणाले सो संयुक्त बैठक आह्वान गर्नुभएको थियो ।

बैठकमा मन्त्री डा राणाले भन्नुभयो, “नेपाल सरकारले प्रतिबन्ध लगाए पनि कतिपय मध्यपूर्वी देशमा घरेलु कामदारका रुपमा नेपाली महिला अवैध बाटोबाट पुगेकै छन् । कुवेतमा मात्र करिब ४८ हजार नेपाली महिला पुगेको भन्ने सुनिएको छ । भोलि कोही समस्यमा परे उनीहरुको सुरक्षा तथा उद्धारको काम चुनौतीपूर्ण हुनसक्छ । त्यसैले सरकारले यस्तो प्रतिबन्ध हटाउने विषयमा सोच्नुपर्छ ।”

मन्त्री डा राणाले वैदेशिक रोजगारीमा रहेका अव्यवहारिक नीति तथा कानुन हटाएर सहज बनाउनुपर्ने बताउँदै भन्नुभयो, “सरकारले कानुनी रुपमा रोकेपनि अवैध बाटोबाट नेपालीहरु आखिर पुगिरहेकै छन् भने यस्ता प्रावधान अब किन राख्ने ?” उहाँले भिजिट भिसामा विदेश जान दिने

> “सरकारले कानुनी रुपमा रोकेपनि अवैध बाटोबाट नेपालीहरु आखिर पुगिरहेकै छन् भने यस्ता प्रावधान अब किन राख्ने ?”

प्रक्रियालाई व्यवहारिक रुपमा अनुगमन गर्न, श्रम स्वीकृतिसम्बन्धी व्यवस्थालाई सहजीकरण गर्न तथा अप्ठेरोमा परेका नेपाली डायस्पोराको उद्धारबारे एक स्वीकृत नियम बनाउन पनि सुझाव दिनुभयो ।

सो बैठकमा गृहमन्त्री लेखकले वैदेशिक रोजगार ऐन, २०६४ लाई समयसापेक्ष बनाइ संशोधन गर्नुपर्ने सुझाव दिँदै वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका समस्याको समाधानका लागि परराष्ट्र मन्त्रालयले समन्वयात्मक भूमिकाको खोजी गरेकामा सराहना गर्नुभयो । श्रम तथा रोजगारमन्त्री भण्डारीले श्रम कूटनीति अहिले नेपालका लागि अति आवश्यक रहेको बताउँदै घरेलु कामदारको श्रम स्वीकृतिसम्बन्धी नवीकरण गरेर व्यवहारिक बनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले हाल नेपालीहरु विश्वका एक सय १० देशमा रोजगारीका लागि पुगेका जानकारी दिँदै घरेलु कामदारलाई मध्यपूर्वी देशमा जान रोकिए पनि अवैध बाटोबाट गइरहेकाले सो सम्बन्धी प्रावधानमा अब पुनःविचार गर्नुपर्ने बताउनुभयो । सो बैठकमा विविध कारणले संसारमा रहेका नेपालीलाई कुनै अप्ठेरो पर्‍यो र उद्धार गर्नुपर्ने अवस्था आयो भने त्यस्तो अवस्थामा परराष्ट्रमा रहेको सीमित स्रोत, साधन र जनशक्तिका कारण उद्धारको काम निकै कठिन हुँदै गएको विषयमा छलफल भएको थियो ।रासस

# सहकारीका समस्या सम्बोधन गर्न अध्यादेश : मन्त्री अधिकारी

काठमाण्डु । प्रतिनिधिसभाले ‘सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१’ लाई बहुमतले स्वीकृत गरेको छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले प्रस्तुत गर्नुभएको उक्त प्रस्तावलाई बैठकले स्वीकृत गरेको हो । यसअघि रास्वपाका सांसद चन्दा कार्कीले ‘सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्’ भनी प्रस्तुत गर्नुभएको प्रस्तावलाई बैठकको बहुमतले अस्वीकृत गरेको थियो ।




अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्नेक्रममा उठेका प्रश्नको जवाफ दिँदै सहकारीमन्त्री अधिकारीले सहकारी क्षेत्रमा देखिएका विकृति निराकरण गर्न र प्रचलित कानुनमा आवश्यक संशोधन गरी आम बचतकर्ताको बचत फिर्ता एवं बचत सुरक्षण गर्न अध्यादेश ल्याएको बताउनुभयो । उहाँले विरोधको सूचना दिने सदस्यलाई अध्यादेशको आवश्यकता र औचित्य स्पष्ट पार्दै विभिन्न समयमा सहकारी पीडित बचतकर्तासँग गरेको सम्झौताको मर्मअनुरूप अध्यादेश आएको भनाइ राख्नुभयो ।

उहाँले अध्यादेशमा सहकारी पीडित, विज्ञ र राजनीतिक नेतृत्वको भावनाअनुसार नै अध्यादेशमार्फत राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना, बचत तथा कर्जा सुरक्षण कोष र कर्जा सूचना केन्द्रको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

मन्त्री अधिकारीले सहकारी पीडितको भावना, विज्ञको सुझावसमेत आएको अध्यादेशको विरोध गर्नुको औचित्य नभएको बताउनुभयो। “हामीले यो अध्यादेश ल्याइरहँदा हिजो सहकारी पीडितहरूले आन्दोलन गर्दा के समर्थन जनाएका थियौँ, त्यसलाई पनि ख्याल गरौँ । त्यसबेला तत्काल यो गर्नपर्‍यो भन्ने अहिले त्यही कुरा ल्याउँदा गलत बाटो हिँड्यो भनेर अपब्याख्या गर्नुहुँदैन”, उहाँले भन्नुभयो ।

मन्त्री अधिकारीले सहकारी क्षेत्रमा वर्तमान अवस्थामा देखिएका कमीकमजोरी तत्कालै नियन्त्रण गर्न आवश्यक भएकाले यो अध्यादेशमार्फत यो समस्या समाधानको बाटोमाबिना विलम्ब सरकार अग्रसर हुने मान्यताका आधारमा अध्यादेश ल्याएको स्पष्ट पार्नुभयो । “देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा योगदान पुऱ्याउन स्वतन्त्र, स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र स्थापना गर्न सहकारी क्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ”, उहाँले भन्नुभयो, “त्यसैलाई आधार मानेर यो अध्यादेश आएको छ ।”

> “देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा योगदान पुऱ्याउन स्वतन्त्र, स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र स्थापना गर्न सहकारी क्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ”, उहाँले भन्नुभयो, “त्यसैलाई आधार मानेर यो अध्यादेश आएको छ ।”

यसअघि अध्यादेश अस्वीकार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दै सांसद कार्कीले सहकारी नियमन प्राधिकरणको व्यवस्था अध्यादेशबाट गरिए पनि काम गर्न नसक्ने निकाय बनाइएको बताउनुभयो । कानुनको कार्यान्वयन नभएर सहकारी पीडितले पैसा पाउन नसकेको उहाँको भनाइ थियो ।

सांसद विनिता कठायतले रू ५० लाख सहकारीमा बचत गर्ने व्यवस्था गर्ने तर नेपाल राष्ट बैंकलाई नियमन गर्न नदिने किन व्यवस्था गरेको भनी प्रश्न गर्नुभयो । व्यवस्थापन समितिले सम्पत्तिको मूल्याङ्कन गर्न विज्ञ टोली गठन गर्ने विषयमा समस्या हुनसक्ने उहाँले सुनाउनुभयो । अध्यादेशले सहकारी पीडितलाई न्याय नदिने सांसद कठायतको भनाइ थियो । सांसद अशोककुमार चौधरीले ५०० सहकारी समस्याग्रस्त रहेको उल्लेख गर्नुहुँदै लाखौँ जनता पीडित भएको, करिब रू छ खर्ब फसेका बेला आएको अध्यादेशले पीडितलाई राहत दिन नसक्ने बताउनुभयो ।

संसदीय छानबिन समितिले रू ८८ अर्ब अनियमितता भएको प्रतिवेदन दिए पनि समाधानमा केही हुन नसकेको उहाँले बताउनुभयो । सहकारीका ठूला सञ्चालकलाई अध्यादेशले उम्काउन खोजेको पनि सांसद चौधरीले आरोप लगाउनुभयो । सांसद पूर्णबहादुर घर्तीमगरले सर्वोच्च अदालतको आदेशविपरीत अध्यादेश आएको दाबी गर्नुहुँदै फिर्ता लिनुपर्ने बताउनुभयो ।

अध्यादेशले संसदीय मर्यादाको उल्लङ्घन गरेको उहाँले सुनाउनुभयो । सहकारी विभाग, सहकारी प्रशिक्षण केन्द्र खारेज नगरी मन्त्रालयका सहसचिवलाई अध्यक्ष बनाएर गलत गरिएको उहाँले बताउनुभयो । सांसद रामकुमार राई र सांसद मीना तामाङले संविधान, कानुनको मर्म विपरीत अध्यादेश आएकाले यसलाई खारेज गरिनुपर्ने बताउनुभयो ।

सांसद लेखनाथ दाहालले सहकारीसम्बन्धी समस्या राष्ट्रिय भएकाले यस विषयमा राष्ट्रियस्तरमै बहस गरिनुपर्ने बताउनुभयो । प्रदेश र स्थानीय सरकारको साझा सूचीमा रहेको विषयलाई सङ्घले कानुन बनाउनु गलत भएको उहाँको भनाइ थियो । सांसद शिशिर खनालले सहकारी पीडितलाई अध्यादेशले न्यायको आँखाले नहेरेको बताउनुभयो । सहकारी सञ्चालकको सम्पत्ति, राहदानी रोकेर भए पनि पीडितलाई न्याय दिनुपर्ने उहाँको भनाइ थियो ।

सांसद प्रेम सुवालले २००८ सालदेखि २०१५ सम्मकोबीचमा मल लिन, कृषिलाई सहयोग गर्न सहकारी सुरू भएकाले त्यसको सिद्धान्तअनुसार नै काम गरिनुपर्नेमा जोड दिनुभयो । सांसद सुमना श्रेष्ठले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा जनशक्ति नभएकैले काम हुन नसकेको बताउनुभयो । बचतकर्तालाई सङ्गठित हुन नदिने व्यवस्था गलत रहेको उहाँको विचार थियो । प्रतिनिधिसभाको अर्को बैठक यही फागुन २२ गते दिउँसो १ बजे बस्नेछ ।रासस

# निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ प्रतिनिधिसभाबाट बहुमतले स्वीकृत

काठमाण्डु । प्रतिनिधिसभाबाट ‘ निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई स्वीकार गरियोस्’ भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको छ ।

सभाको बुधबारको बैठकमा उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सो प्रस्ताव गर्नुभएको थियो । बैठकमा अध्यादेशलाई अस्वीकार गरियोस् भन्ने सांसद माधव सापकोटाको सूचनाका पक्षमा सांसदहरुले उठाउनुभएका सवालको जवाफ दिनुहुँदै उहाँले सार्वजनिक प्रतिष्ठानमा रहेका लगानीको विकल्प अध्यादेशमा दिएको बताउनुभयो । निजीकरणलाई एकमात्र विकल्प नभनी अनेक विकल्प दिएको उपप्रधानमन्त्री पौडेलले सुनाउनुभयो ।



सार्वजनिक प्रतिष्ठानमा सरकारको लगानी भएको छ तर प्रतिफल आएको उल्लेख गर्दै उहाँले उदयपुर सिमेन्ट कारखाना, हेटौँडा सिमेन्ट, दुग्ध विकास संस्थान, गोखकाली टायरलगायत संस्थानको अवस्थाकै कारण ऐनलाई संशोधन गरी अध्यादेशबाट संशोधन गरेर सुधार गर्न लागिएको बताउनुभयो । अध्यादेश प्रणालीसम्मत रुपमा मस्यौदा भएर आएको उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले जानकारी गराउनुभयो ।

सांसद माधव सापकोटाले ‘निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई अस्वीकार गरियोस्’ भन्ने सूचना प्रस्तुत गर्नुभएको थियो । सो प्रस्ताव प्रतिनिधिसभाको बहुमतले अस्वीकृत गरेको थियो । सूचना प्रस्तुत गर्नुहुँदै उहाँले सैद्धान्तिक र व्यावहारिक हिसाबले यो अध्यादेश गलत भएको बताउनुभयो । अध्यादेश अस्वीकार गरियोस् भन्ने सूचना दिनुहुने अर्का सांसद उर्मिला माझीले सरकारी सेवा र प्रतिष्ठान निजी क्षेत्रलाई सुम्पिएर निजी क्षेत्रको प्राथमिकता मुनाफा भई जनताको हितपछि पर्ने तर्क प्रस्तुत गर्नुभयो । उहाँले भन्नुभयो, “विगतका नजिर हेरौँ, भृकुटी कागज कारखाना, विराटनगर जुटमिल जस्ता थुप्रै संस्थान निजीकरण गर्दा त्यस समयका मजदुरको अवस्था के भयो, त्यसले के उपलब्धि भयो, त्यसलाई हेर्नुपर्छ ।”

सांसद सूर्यमान तामाङ (दोङ) ले अध्यादेश अस्वीकृतिका लागि सहमति जनाउँदै जनताको भावनाअनुसार अध्यादेश नआएको भनाइ राख्नुभयो । “अध्यादेश जनताको पक्षमा छैन”, सांसद दोङले भन्नुभयो ।

सांसद छिरिङ ल्हामुलामाले भन्सार चुहावटमा कम गर्न र भ्रष्टाचार रोक्न छोडेर सरकार अध्यादेशमा लाग्नु गलत छ भन्नुभयो । सांसद मेटमणि चौधरीले व्यवस्थित गर्ने नाममा सरकारी सम्पत्तिलाई कौडीको भाउमा बेच्न लागिएको अध्यादेशको अध्ययनबाट बुझिने बताउनुभयो । व्यक्तिलाई पोस्ने गरी अध्यादेश आएको उहाँको भनाइ थियो ।

सांसद प्रेम सुवालले निजीकरणका नाममा नेपालीलाई अगाडि राखेर विदेशी पुँजी र त्यही पुँजीले चुनावमा सहयोग गरेर देश बनाइदिने स्थिति भएको बताउनुभयो । अध्यादेश कुलीन वर्गले जनतालाई शोषण गर्न निजीकरणको संशोधन अध्यादेश ल्याएको आरोप उहाँले लगाउनुभयो । सांसद सुवालले यस अध्यादेशले युवा विदेश पलायनलाई प्रोत्साहन गर्ने टिप्पणी गर्दै पास गर्न नहुने धारणा राख्नुभयो ।

सांसद सुमना श्रेष्ठले निजीकरण भन्ने शब्दमा सुनपानी छर्केर सार्वजनिक प्रतिष्ठान सरकारी लगानी व्यवस्थापन मात्रै बनाउनुभएको बताउनुभयो । उहाँले भन्नुभयो, “खास काम गर्न केले रोक्यो, के कुरा व्यवस्थापन गर्न खोज्दा पुरानो ऐनले छेकेर यो अध्यादेश ल्याइएको हो स्पष्ट छैन ।”रासस

# लुम्बिनीलाई विश्व शान्तिको थलो बनाउनुपर्छ : उपप्रधानमन्त्री सिंह



लुम्बिनी । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले विश्वभर अस्थिरताको सङ्केत देखा परेको अवस्थामा पवित्रस्थल लुम्बिनीलाई विश्व शान्तिको केन्द्र बनाउनुपर्ने बताउनुभएको छ ।

बुद्धजन्मस्थल लुम्बिनीमा बुधबारदेखि सुरु भएको चौथो अन्तर ाष्ट्रिय त्रिपिटक वाचनको उद्धाटन गर्दै उपप्रधानमन्त्री सिंहले विश्वव्यापी रुपमा शान्तिको सन्देश फैलाउन त्रिपिटक पाठ वाचनबाट शान्ति स्थापनामा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले पूर्वाधार विकाससँगै त्रिपिटकजस्ता अन्तर्राष्ट्रियस्तरका कार्यक्रम विस्तार गर्न लुम्बिनी विकास कोषको ध्यानाकर्षण गर्दै नेपाल सरकारकोतर्फबाट त्यसमा सक्दो सहयोग हुने बताउनुभयो ।

अखिल नेपाल भिक्षु महासङ्घको आयोजना तथा लुम्बिनी विकास कोषसहित विभिन्न संस्थाको सहआयोजनामा लुम्बिनीस्थित मायादेवी मन्दिर परिसरमा आजदेखि त्रिपिटक वाचन सुरू भएको छ ।

कार्यक्रममा कोषका उपाध्यक्ष डा ल्हारक्याल लामा (खेन्पो छिमे) ले बुद्धका उपदेशलाई विश्वभर फैलाउन त्रिपिटक वाचन फलदायी हुने बताउनुभयो । उहाँले त्रिपिटक पाठ बुद्धका शिक्षाहरुको सन्देश फैलाउने माध्यम भएकाले यस्ता कार्यक्रमलाई अझ बृहत् रुपमा विस्तार गर्नुपर्ने महशुस गरी अघि बढ्न लागेको जानकारी दिनुभयो ।

उपाध्यक्ष लामाले थेराबाद, महायान र ब्रजयान सबै एकजुट भएर बुद्धको उपदेशलाई संसारभर फैलाउन सकिने धारणा व्यक्त गर्दै बुद्ध दर्शनलाई विश्वले आत्मसात गरेकाले एक अर्ब बढी बुद्धमार्गीलाई पवित्रस्थल लुम्बिनीमा आकर्षित गरी विश्व शान्ति स्थापनाका पक्षमा जुट्नुपर्ने धारणा व्यक्त गर्नुभयो । सो अवसरमा आठौँ सङ्घनायक नेपालका भिक्षु बोधिसेन महास्थवीरले लुम्बिनी आउँदा आनन्द प्राप्त हुने बताउँदै मायादेवी मन्दिरको नामलाई बुद्धभूमि राख्दा त्यसले विश्वभर राम्रो सन्देश जाने बताउनुभयो ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलामान घिसिङले लुम्बिनी क्षेत्र अध्याँरो देखिएको बताउँदै मायादेवी परिसरसहितको क्षेत्रलाई ‘स्प्रिच्यूल लाइटिङ’ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

त्रिपिटक उद्धाटन समरोहमा थाई राजगुरु, अखिल नेपाल भिक्षु महासङ्घका सभापति भिक्षु धम्मसोभन महास्थवीर, महासचिव भिक्षु धर्मगुप्त महास्थवीर, सचिव निग्रोध महास्थविर, आइबिसिका महासचिव रिपोंछे जगछुप छोदेन, श्रीलङ्काका राजदूत चमेरा रुवाङ्गी मुनासिङ्गे, थाइल्याण्डका राजदूत सुवापोङ सिरिसोर्न, म्यानमारका राजदूत म्युम्युन्ट माउङ, भिक्षु बजिरा, उपासक वाङ्मो डिक्सिले मन्तव्य राख्दै लुम्बिनी विश्वभरका बौद्धमार्गी र शान्तिप्रयहरुको पवित्रस्थल भएकाले त्रिपिटक पाठले बुद्धको उपदेश फैलाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

गौतम बुद्धले ४५ वर्षसम्म निरन्तर प्रदान गरेको ज्ञान एवं धर्म-दर्शनको सङ्गहित ग्रन्थका रुपमा त्रिपिटकलाई लिइन्छ । अपि धम्म शुत्र पिटक, शुत्त पिटक र सम्राट अशोकको पालामा दोस्रो शताब्दी ईशापूर्वमा लेखिएको विनय पिटक गरी तीन ग्रन्थलाई मिलाइ बनाइएको ग्रन्थलाई नै त्रिपिटक भनिन्छ । त्रिपिटक बौद्ध धर्मको मूल ग्रन्थ हो ।रासस

# प्रधानन्यायाधीशद्वारा मैतीदेवीको गोदा वेणुगोपाल मन्दिर उद्धाटन

काठमाण्डु । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले काठमाडौँ महानगरपालिका-२९ मैतीदेवीचोकस्थित श्री गोदा वेणुगोपालको नवनिर्मित मन्दिरको उद्धाटन गर्नुभएको छ ।

प्रधानन्यायाधीश राउतले बुधबार विशेष धार्मिक अनुष्ठानबीच सो मन्दिरको उद्घाटन गर्दै धर्मले नैतिक आचरणलाई उच्च बनाउँदै सत्मार्गमा हिँड्न प्रेरित गर्ने बताउनुभयो । “धर्मले सदा न्याय र सत्यका पक्षमा उभिन सहयोग पुर्‍याउँछ”, प्रधानन्यायाधीश राउतले भन्नुभयो, “नैतिक आचरणलाई सवल बनाउँदै सत्यमार्गमा व्यक्तिलाई हिँडाउने नै धर्म हो ।” बागमती प्रदेशका पूर्वमन्त्री दीपेन्द्र श्रेष्ठले नेपालको धार्मिक पर्यटनको सम्भावनालाई बलियो बनाउन सो मन्दिर निर्माण गर्नका लागि घरघरमा चन्दा सङ्कलन गरेर आज सफल भएको बताउनुभयो ।

उक्त मन्दिरमा यही फागुन २६ गतेसम्म आयोजना हुने कार्यक्रमअन्तर्गत गोदा वेणुगोपाल भगवान्को प्राणप्रतिष्ठा एवं महासम्प्रोक्षण अनुष्ठान गर्ने कार्यक्रम छ। अनुष्ठान तोताद्रिमठका पीठाधिपति श्री १००८ रामानुज जीयर स्वामीजीको प्रमुख आचार्यत्वमा सम्पन्न हुनेछ । विसं २०२२ मा वैकुण्ठवासी श्री १००८ श्री निवासाचार्य स्वामीजीले स्थापना गर्नुभएको मन्दिर विसं २०७२ को भूकम्पमा क्षतिग्रस्त भएको थियो ।

भूकम्पले क्षति भएको मन्दिर सङ्घ, प्रदेश, स्थानीय तहका सरकार र भक्तजनको सहयोगमा करिब रू १६ करोडको लागतमा मन्दिर पुनःनिर्माण गरिएको हो ।

मन्दिरमा आठ सय जना बस्न मिल्ने धर्मशाला, गौशाला, यज्ञकुण्ड छ । आगामी शैक्षिक सत्रदेखि गुरूकूल पनि सञ्चालन गर्ने तयारी गरिएको मन्दिरका मठाधीश स्वामी यतीन्द्राचार्यले जानकारी गराउनुभयो ।रासस

# आर्थिक तथा व्यावसायिक वातावरण सुधार्न अध्यादेश : उपप्रधानमन्त्री

काठमाण्डु । प्रतिनिधिसभाको बुधबारको बैठकले ‘ आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१’ लाई स्वीकृत गरेको छ । बैठकमा उपप्रधानमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गर्नुभएको उक्त प्रस्तापलाई बैठकको बहुमतले स्वीकृत गरेको हो ।

यसअघि नेकपा (माओवादी केन्द्र) का सांसद रणेन्द्र बरालीले ‘आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ लाई अस्वीकृत गरियोस्’ भन्ने सूचनालाई बैठकको बहुमतले अस्वीकृत गरेको । अध्यादेश अस्वीकार गर्ने सूचना प्रस्तुत गर्ने क्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै उपप्रधानमन्त्री पौडेलले आर्थिक तथा व्यावसायिक वातावरण सुधार गर्न, लगानी अभिवृद्धि गर्नेगरी सरकारले विधेयक ल्याएको स्पष्ट पार्नुभयो ।

“विदेशी लगानी अनुकूल वातावरण बनाउने सरकारको मनसाय हो”, उपप्रधानमन्त्री पौडेलले भन्नुभयो, “राष्ट्रिय हितका लागि प्राथमिकता र आवश्यकताका क्षेत्रमा विदेशी लगानी भित्र्याउने, रोजगारी बढाउने, उत्पादन र उत्पादकत्व वृद्धि गदै ज्ञान तथा सीप हस्तान्तरण गर्ने र देश आर्थिक रूपमा सबल हुँदै अघि बढने अनुकूल वातावरण सिर्जना गर्नका लागि अध्यादेश पास हुनुपर्छ ।”

उहाँले कालोबजारी ऐनमा रहेको विद्यमान प्रबन्धलाई केही संशोधन गरी उपभोक्ताको हकमैत्री बनाउने गरी विधेयक ल्याइएको बताउनुभयो । यसअघि अध्यादेश अस्वीकृत गरियोस् भन्ने सूचना प्रस्तुत गर्दै सांसद बरालीले व्यावसायिलाई लाभ हुने गरी अध्यादेश आएको जिकिर गर्नुभयो । रासस

# जापानमा ५० वर्षयताकै भीषण डढेलो, वर्षा र हिमपातले राहत दिने आशा

एएफपी

ओफुनातो । जापानमा आधा शताब्दीयताकै सबैभन्दा भयानक डढेलो लागेको छ । डढेलो निभाउन सङ्घर्ष गरिरहेको जापानी प्रशासन र पीडित नागरिकका लागि बुधबार परेको पानी र हिउको हल्का बर्षाले डढेलो नियन्त्रणमा सहयोग पुग्ने आशा पलाएको छ ।

उत्तरी शहर ओफुनातो वरपर एक हप्ताभन्दा बढी समयदेखि लागेको डढेलोका कारण एक जनाको मृत्यु हुनुका साथै करिब चार हजार बासिन्दालाई आफ्नो घर खाली गर्न बाध्य पारिएको छ ।



यसले लगभग दुई हजार ९०० हेक्टर (म्यानहट्टनको लगभग आधा आकार) लाई सखाप पारेको छ र यो सन् १९७५ होक्काइदोमा दुई हजार ७०० हेक्टर जलेको डढेलोपछिको सबैभन्दा ठूलो डढेलो हो ।एएफपीका संवाददाताका अनुसार बुधबार भएको हल्का वर्षा र हिउँका कारण पहाडहरूबाट सेतो कुहिरो निस्केको देखिएको थियो । बिहीबारसम्म थप पानी पर्ने अनुमान गरिएको छ ।

आफ्नो घरबाट भागेर आफन्तसँग बसिरहेका ८५ वर्षीय मित्सुओ ओत्सुबोले भन्नुभयो, "मैले पहिले कहिल्यै नदेखेको यति ठूलो डढेलोले बस्तीहरूलाई त्रसित पारेको छ । यो विशाल छ र तीव्र गतिमा फैलिइरहेको छ।" "यो वर्ष वर्षा वा हिमपात भएको छैन । खुशीको कुरा आज वर्षा भएको छ । म केवल आशा गर्न सक्छु कि यसले स्थितिलाई नियन्त्रण गर्न मद्दत गर्नेछ।" समुद्री शैवाल र 'स्क्यालप' (सामुद्रिक झार) को खेती गर्ने एक किसानले भन्नुभयो ।

जलवायु परिवर्तनका कारण विश्वव्यापी तापक्रम बढेसँगै जापानमा गत वर्ष अहिलेसम्मकै सबैभन्दा बढी गर्मी भएको थियो ।ओफुनातोमा फेब्रुअरीमा मात्र २.५ मिलिमिटर (०.१ इन्च) वर्षा भएको थियो जसले सन् १९६७ को ४.४ मिलिमिटरको उक्त महिनाको रेकर्ड तोडेको थियो ।

### 'कहाँ भाग्ने थाहा छैन'

करिब २७० जना मानिस आश्रय लिएर बसिरहेको एउटा हलमा अस्थायी टेन्टहरू राखि बसीरहेका ६९ वर्षीय फुमिको तनाकाले एएफपीसँग भन्नुभयो, जनजीवन अस्तव्यस्त बनेको छ । हलमा पानीका बोतल र खानाका सामग्रीहरू टेबुलहरूमा यत्रतत्र छरिएको अवस्थामा देखाउँदै उहाँले भन्नुभयो, "घर छोडेर यस्तो वातावरणमा बस्नु कम पीडादायी पक्कै छैन तर यो भन्दा बढी पीडा घर र त्यहाँको सम्पत्ति के भयो भन्ने भएको छ।"

"डढेलो सबैभन्दा डरलाग्दो विपत्ति हो, यो एक ठाउँबाट अर्को ठाउँमा फैलिन्छ र कता भाग्ने भन्ने पनि मानिसहरूलाई निश्चित हुँदैन", ६९ वर्षीय तनाकाले भन्नुभयो, "म केवल आशा गर्न सक्छु कि आगो बस्ती र मेरो घरमा नपुगोस् ।"तनाका र माछा मार्ने व्यवसाय अपनाएका उहाँका पतिले भन्नुभयो, "हरेक वर्ष जलवायु परिवर्तनको प्रभाव महसुस गर्छन् र यसलाई परम्परागत रूपमा नै व्याख्या गर्छन् । समुद्रको बढ्दो तापक्रमले माछाको आहारामा असर परेको छ र पनि पहिलेजस्तो सहज पाइदैनन् । यसले माछा हाम्रो दैनिकीलाई पनि असर गरेको छ ।" आगलागीबाट कम्तीमा ८४ वटा भवनमा क्षति पुगेको अनुमान गरिएको छ तर विस्तृत विवरण आउन बाँकी रहेको अग्नि नियन्त्रक निकायले जनाएको छ ।

तातो पानीको सेवा दिने एक होटेलका मालिकले स्वेच्छाले आफ्नो सरायको सुविधा विस्थापितहरूका लागि खाली गरी निःशुल्क सेवा दिइरहेको बताउनुभयो । ओफुनातो ओन्सेनका ६० वर्षीय तोयोशिगे शिदाले एएफपीसँग भन्नुभयो, "आश्रयस्थलमा जीवनको अस्तव्यस्ततासँग जुध्न नुहाउन नसक्नुले पक्कै पनि तपाईंलाई निराश तुल्याउँछ।"सन् २०११ मा आएको विनाशकारी भूकम्प र सुनामीका कारण ओफुनातोमा मात्रै कम्तीमा ३४० जनाको मृत्यु भएपछि मानिसहरूले भोग्नुपरेको पीडा देखेपछि आफूले उक्त सराय निर्माण गरेको उहाँले बताउनुभयो ।

### शुष्क मौसम

जापानमा सन् १९७० को दशकयता डढेलोको घटनामा कमी आएको छ । सन् २०२३ मा फेब्रुअरीदेखि अप्रिलसम्मको अवधिमा करिब एक हजार ३०० हेक्टर षेत्रमा डढेलो फैलिएको थियो ।

अस्ट्रेलियाको न्यू साउथ वेल्स राज्यका पूर्व अग्नि तथा उद्धार आयुक्त ग्रेग मुलिन्सले एएफपीसँग भन्नुभयो, "यो आगो र लस एन्जलसको हालैको डढेलो 'अत्यन्त असामान्य' थियो किनभने ती जाडोयाममा थिए। उहाँले भन्नुभयो, "दुवै अवस्थामा डढेलो लाग्नुभन्दा पहिले वर्षाको कमीले परिदृश्यलाई सुख्खा बनायो। गर्मी बढ्यो जसले वाष्पीकरण र वनस्पतिहरूलाई व्यापक मात्रामा सुख्खा बनायो । त्यसपछि बनमा डढलो लाग्यो र सङ्कट निम्त्यायो ।

इमर्जेन्सी लिडर्स फर क्लाइमेट एक्सन ग्रुपका संस्थापक मुलिन्सले भन्नुभयो, "यो जलवायु परिवर्तनको साझा उपज हो ।""जब ग्रह थप तातो हुन्छ, हामी ती ठाउँहरूमा डढेलो र आगलागी भएको देख्छौं । जापानको ओफुनाता पहिले कहिल्यैं यस्तो समस्या आएको थिएन। "डढेलो र आगलागी नियन्त्रणका लागि टोकियोलगायत जापानका अन्य भागबाट तैनाथ करिब दुई हजार अग्निनियन्त्रकले हवाई र स्थलबाट काम गरिरहेका छन् ।

ओफुनातोका मेयर कियोशी फुचिगामीले भन्नुभयो, "डढेलो एक हप्तादेखि चलिरहेको छ । अग्निनियन्त्रकहरूको टोलीलाई हरेक दिन सुदृढीकरण गरिएको छ । यसले सुख्खा मौसमको मात्रा र हामीले सामना गरिरहेका कठिनाइहरू देखाउँछ।"भिरालो ढलान र साँघुरा र घुमाउरो सडकभएको हिमाली तटीय क्षेत्रको भौगोलिक बनावटले आगो निभाउने कार्यमा बाधा पुर्‍याइरहेको बताइएको छ ।

# नेपाली महिला क्रिकेट टोलीको बिदाइ



काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान)ले युगाण्डामा हुने चारदेशीय महिला टी-२० शृङ्खला खेल्न जाने नेपाली क्रिकेट टोलीलाई बिदाइ गरेको छ ।

क्यानद्वारा बुधबार आयोजित एक कार्यक्रममा नेपाली महिला टोलीलाई सफलताको शुभकामना दिँदै बिदाइ गरेको हो । यही फागुन २४ गतेदेखि हुने उक्त शृंखलामा नेपालसहित युगाण्डा, हङ्कङ र नामिबिया सहभागी छन् ।

क्यानका सचिव पारस खड्काले नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै नयाँ ठाउँमा गएर खेलेर नयाँ अनुभव बटुल्न मद्दत पुग्ने बताउनुभयो । नेपाली टिमकी कप्तान इन्दु वर्माले आफ्नो टोलीको तयारी राम्रो भएकाले युगाण्डामा गएर राम्रो क्रिकेट खेलेर फर्कने बताउनुभयो ।

त्यसैगरी नेपाली टोलीका प्रशिक्षक मनोज कटुवालले कमजोरीहरू सुधार गरी सिरिज जितेर फर्कने बताउनुभयो । नेपालले आफ्नो पहिलो खेल यही फागुन २४ गते नामिबियासँग खेल्नेछ । त्यसैगरी फागुन २५ गते युगाण्डासँग र फागुन २६ गते हङ्कङसँग खेल्नेछ । त्यस्तै फागुन २८ गते नामिबियासँग, २९ गते युगाण्डासँग र ३० गते हङ्कङसँग खेल्नेछ । यी सबै खेलहरू सकिएपछि शीर्ष दुईमा रहने टोलीले फाइनल खेल्नेछन् ।

नेपाली टोलीमा कप्तान इन्दु वर्मासहित रुविना क्षेत्री, पुजा महतो, अलिशाकुमारी यादव, सना प्रवीन, रोमा थापा, विन्दु रावल, सम्झना खड्का, ममता चौधरी, कविता जोशी, रिया शर्मा, राजमती ऐरी, रचना चौधरी र ईश्वरी विष्ट छन् ।रासस

# युक्रेन-रूस शान्ति वार्ताको आयोजना गर्ने बेलारुसका राष्ट्रपतिको प्रस्ताव

एएफपी

मस्को । बेलारुसका राष्ट्रपति अलेक्जान्डर लुकासेन्कोले बुधबार प्रकाशित एक अन्तर्वार्तामा अमेरिकी अधिकारीहरू समावेश हुनसक्ने रूस-युक्रेन शान्ति वार्ताको आयोजना गर्ने प्रस्ताव गर्नुभएको छ ।




"(अमेरिकी राष्ट्रपति डोनाल्ड) ट्रम्पलाई भन्नुहोस् कि म (रूसी राष्ट्रपति भ्लादिमिर) पुटिन र (युक्रेनी राष्ट्रपति भोलोदिमर) जेलेन्स्कीसँग यहाँ आउने अपेक्षा गर्छु", लुकासेन्कोले अमेरिकी ब्लगर मारियो नौफलसँगको भिडियो अन्तर्वार्तामा प्रस्ताव राख्नुभएको थियो । लुकासेन्को पुटिनका निकट सहयोगी हुनुहुन्छ र उहाँको देश युक्रेनमा रुसको सैन्य कारबाहीलाई समर्थन गरेको र विपक्षीहरू विरुद्धको सरकारी कारबाहीलाई लिएर अमेरिका र युरोपीय सङ्घ (इयु) को प्रतिबन्धमा छ । रुसले सन् २०२२ मा युक्रेनमा केही सेना पठाउन बेलारुसको क्षेत्र प्रयोग गरेको थियो ।

तर ७० वर्षीय राष्ट्रपतिले भन्नुभयो, "यदि तपाईं सहमति गर्न चाहनुहुन्छ भने हामी बस्नेछौँ र शान्त रूपमा सहमति गर्नेछौँ ।"युक्रेनी समाजको ठूलो हिस्सा जेलेन्स्कीसँग रहेको भन्दै लुकासेन्कोलेजेलेन्स्कीसँगसहमति हुनुपर्ने बताउनुभयो । "बेलारुस सीमा र किएभबीच केवल दुई सय किलोमिटरको दूरी छ । विमानमा आधा घण्टामा । आउनुहोस्", उहाँले फेब्रुअरी २७ मा रेकर्ड गरिएको अन्तर्वार्तामा घोषणा गर्नुभयो ।

लुकासेन्कोले रूससँग वार्ता गर्न र तीन वर्षदेखि चलिरहेको द्वन्द्व अन्त्य गर्न ट्रम्पका प्रयासहरूको प्रशंसा गर्नुभयो ।"ट्रम्प असल व्यक्ति हुनुहुन्छ, उहाँ यसबारे धेरै कुरा गर्नुहुन्छ र युक्रेनको युद्ध र मध्यपूर्वमा युद्ध अन्त्य गर्न पहिलेनै केही गरिसक्नुभएको छ", उहाँले भन्नुभयो, "मलाई लाग्छ उहाँको एकमात्र नीति युद्ध अन्त्य गर्ने हो । यो एउटा उत्कृष्ट विचार हो ।"

अन्तर्वार्ता प्रकाशित भएको दिन ट्रम्पले मङ्गलबार जेलेन्स्की रूससँग 'स्थायी शान्ति' का लागि वार्ता गर्न तयार रहेको बताउनुभएको थियो ।ट्रम्पको वासिङ्टनमा जेलेन्स्कीसँग शुक्रबार भएको भेट एक रोषपूर्ण भेटघाटमा परिवर्तन भयो र ट्रम्पले युक्रेनलाई सैन्य सहायता निलम्बन गर्ने आदेश दिनुभएपछि जेलेन्स्कीमाथि दबाब बढ्यो ।जेलेन्स्कीले सामाजिक सञ्जालमा उक्त भेट 'खेदजनक' भएको र उहाँ अमेरिकी नेतासँग 'कुरा ठिक गर्न' चाहेको पोस्ट गर्नुभएको छ ।

# युक्रेनसँग शान्ति वार्ताको सम्भावनाबारे क्रेमलिन सकारात्मक



एएफपी

मस्को । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुससँग तीन वर्षदेखि जारी द्वन्द्व अन्त्यका लागि वार्ताका लागि तयार रहेको घोषणा गर्नुलाई रूसी प्रशासनिक केन्द्र (क्रेमलिन) ले 'सकारात्मक' भनेको छ।

युक्रेन र प्रमुख सहयोगी संयुक्त राज्य अमेरिकाबीच अकल्पनीय विवादबीच युक्रेनी नेता जेलेन्स्कीले मङ्गलबार आफू 'स्थायी शान्तिलाई नजिक ल्याउन जतिसक्दो चाँडो वार्ताको टेबलमा आउन तयार रहेको' बताउनुभएको थियो । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले एएफपीको एक प्रश्नको जवाफमा भन्नुभयो, "यो दृष्टिकोण सामान्यतया सकारात्मक छ ।"

अमेरिकी कङ्ग्रेसलाई सम्बोधन गर्दै राष्ट्रपति डोनाल्ड ट्रम्पले जेलेन्स्कीबाट प्राप्त पत्रलाई ठूलो स्वरमा पढेर सुनाउनुभएको थियो जसमा युक्रेनी नेताले आफू शान्ति वार्ताका लागि तयार रहेको बताउनुभएको थियो । क्रेमलिनले जेलेन्स्कीसँग वार्ता गर्ने कि नगर्ने भन्नेमा पटक-पटक शङ्का व्यक्त गर्दै आएको छ । बुधबार पेस्कोभले जेलेन्स्कीले जारी गरेको आदेशको हवाला दिँदै पुटिनसँग प्रत्यक्ष वार्ता गर्न नमिल्ने बताउनुभएको थियो ।

युक्रेनी नेताले धेरै पटक पुटिनलाई भेट्न आफू इच्छुक रहेको बताउँदै आउनुभएको छ । यद्यपि, किएभ र उसका पश्चिमी सहयोगीहरूले वार्ताको साझा अडानमा सहमति जनाएपछि मात्र यो सम्भव हुने बताउनुभएको छ । मस्कोले सन् २०१९ मा राष्ट्रपतिमा निर्वाचित भएपछि जेलेन्स्कीको पाँच वर्षे कार्यकाल समाप्त भएको भन्दै वार्ताका लागि वैध नेता नभएको आरोप लगाएको छ ।युक्रेनको सैनिक कानुनअनुसार युद्धकालमा चुनावमाथि प्रतिबन्ध लगाइएको छ ।


जेलेन्स्कीका प्रमुख युरोपेली समर्थकहरूले रुसको पूर्ण आक्रमणका बीच मतदान स्थगनको समर्थन गरेका छन् । यद्यपि, ट्रम्पले युक्रेनी नेता स्वदेशमा व्यापक रूपमा अलोकप्रिय भएको झूटो दाबी गर्नुभएको छ र उहाँलाई चुनाव गराउन आह्वान गर्नुभएको छ । गत शुक्रबार अमेरिकी राष्ट्रपतिको कार्यालय (ओभल अफिस) मा जेलेन्स्कीसँग भएको चर्काचर्कीपछि ट्रम्पले किएभलाई अमेरिकी सैन्य सहायता रोक्ने घोषणा गर्नुभएको थियो ।

ट्रम्पले युक्रेनलाई मस्कोको पक्षमा रहेको शान्ति सम्झौता स्वीकार गर्न बाध्य पार्न खोजेको हो कि भन्दै किएभ र युरोपभरि नै आशङ्का व्यक्त गरिएको छ । यसैबीच रुसी सेनाले युक्रेनको पूर्वी डोनेट्स्क क्षेत्रको अर्को एउटा सानो गाउँ कब्जामा लिएको मस्कोस्थित रक्षा मन्त्रालयले जनाएको छ ।अमेरिकास्थित इन्स्टिच्युट फर द स्टडी अफ वार (आइएसडब्लु) को तथ्याङ्कअनुसार रुसले धेरै जमिन कब्जा गरे पनि फेब्रुअरीमा रुसको प्रगतिको गति सुस्त भएको छ ।

# 'अमेरिका इज ब्याक' : ट्रम्प

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सत्तामा फर्किएपछि पहिलो पटक अमेरिकी कङ्ग्रेस (संसद्)लाई सम्बोधन गर्दै 'अमेरिका फर्किएको' घोषणा गर्नुभएको छ ।



आफ्नो कट्टरपन्थी नीतिको प्रशंसा गर्दै डेमोक्र्याटिक पार्टीको शत्रुताको सामना गरेपनि युक्रेनमा सफलताको घोषणा गर्नुभएको छ। राष्ट्रपति ट्रम्पले अर्बपति सल्लाहकार एलन मस्कले संघीय कर्मचारीतन्त्रमाथि गरेको विवादास्पद हस्तक्षेपको बारम्बार प्रशंसा गर्दै भन्नुभयो, "मेरो प्रशासन 'भर्खर सुरु हुँदैछ।" सन् २००० मा बिल क्लिन्टनको 'स्टेट अफ द युनियन'को भाषणको लम्बाईलाई रेकर्ड तोडेको एक घण्टा ४० मिनेट लामो भाषणमा ट्रम्पले भन्नुभयो, ' अमेरिकी सपना अजेय छ ।

जेम्स ट्रस्लो एडम्स द्वारा १९३१ मा महामन्दी को समयमा लोकप्रिय भएको 'अमेरिकन ड्रिम्स' भनेको संयुक्त राज्य अमेरिकाको कथित राष्ट्रिय लोकाचारलाई जनाउने वाक्यांश हो । यसको अर्थ अमेरिकी प्रत्येक व्यक्तिसँग सफल हुने र राम्रो जीवन प्राप्त गर्ने स्वतन्त्रता र अवसर छ भन्ने हो। लगभग हरेक वाक्यांशसँगै रिपब्लिकन पार्टीका सदस्यहरूबाट ठूलो तालीको गडगडाहट पाएको उक्त सम्बोधनमा ट्रम्पले छुट्टाछुट्टै दुई पटक स्पेसएक्स र टेस्लाका मालिक मस्कको नाम उच्चारण गर्नुभएको थियो ।

सम्बोधनमा तालिको गडगडाहट कै केही मिनेटमै विपक्षी सांसद्बाट विरोध गरिएको थियो ।विरोधका क्रममा स्वास्थ्य सेवाका कार्यक्रमहरूलाई लिएर ट्रम्पको विरोध गरिरहेका डेमोक्र्याटहरूले चुपचाप 'झूटो', 'मस्कले चोरी गरे' र 'यो झूट हो' जस्ता प्लेकार्डहरू बोकेर सभा हलमा उभिएका थिए ।

# सामूहिक मुद्दामा सजाय सुनाइएका ५३ जनाको अपिल युएईद्वारा अस्वीकार

एएफपी

दुबई ।संयुक्त अरब इमिरेट्स (युएई) ले यसअघि सामूहिक मुद्दामा दोषी ठहरिएका ५३ जनाको अपिललाई अस्वीकार गरेको छ । तीमध्ये अधिकांशलाई आजीवन कारावासको सजाय सुनाइएको थियो । ह्युमन राइट्स वाच (एचआरडब्लु) ले बुधबार निर्णयलाई 'अनुचित' भन्दै निन्दा गरेको छ ।



प्रतिबन्धित मुस्लिम ब्रदरहुडसँग 'आतङ्कवादी' सम्बन्धका लागि प्रतिवादीहरूलाई जुलाईमा सजाय सुनाएपछि सङ्घीय सर्वोच्च अदालतको राज्य सुरक्षा चेम्बरले मङ्गलबार अपिलहरू अस्वीकार गरेको राज्य समाचार एजेन्सी डब्लुएएमले जनाएको छ । तर देशको 'दोस्रो सबैभन्दा ठूलो अनुचित सामूहिक परीक्षण' मा 'अनुचित सजाय र अपमानजनक सजाय' को निन्दा गर्दै एचआरडब्लुले 'केवल अभियुक्तहरूको शान्तिपूर्ण मानवअधिकार प्रयोगमा' आधारित थिए भनेको छ ।

"देशका ५३ जना प्रमुख राजनीतिक असन्तुष्ट र मानव अधिकार रक्षकहरू विरुद्धको क्रूर दोष र सजायलाई कायम राख्नुले संयुक्त अरब इमिरेट्समा शान्तिपूर्ण आलोचकहरूको कठोर दमन अझै पनि जारी रहेको पुष्टि हुन्छ", एचआरडब्लुका संयुक्त अरब इमिरेट्स अनुसन्धानकर्ता जोय सियाले भन्नुभयो ।उहाँले युएईका अधिकारीहरूलाई 'यी सजायहरू उल्ट्याउन र अभियुक्तहरूलाई तुरुन्त र बिना शर्त रिहा गर्न' आग्रह गर्नुभयो ।

एचआरडब्लु र एम्नेस्टी इन्टरनेसनलका अनुसार सन् २०१३ मा भएको 'युएई ९४' को मुद्दापछि धेरै प्रतिवादी एक दशकभन्दा बढी समयदेखि जेलमा थिए । यसलाई मानव अधिकार समूह र संयुक्त राष्ट्रसङ्घका विज्ञहरूले त्यस समयमा सामूहिक मुद्दा मानी निन्दा गरेका थिए ।गत जुलाईमा अबु धाबीको एक अदालतले युएईका ४३ जना नागरिकलाई आजीवन कारावास र अन्य १० जनालाई १०-१५ वर्षको जेल सजाय सुनाएको थियो ।

डब्लुएएमका अनुसार सरकारी अभियोजकले २४ वटा खारेज गरिएका मुद्दाहरूमा अपिल गरे र अदालतले अप्रिल ८ मा यो अपिलमाथि विचार गर्नेछ ।अधिकार समूहहरूका अनुसार त्यस समयमा दर्जनौं प्रतिवादीलाई अबु धाबी फेडरल कोर्ट अफ अपिलमा ल्याइएको थियो ।युएईले मध्यपूर्वमा तथाकथित अरब वसन्त विद्रोहको पृष्ठभूमिमा सन् २०१२ मा राजनीतिक सुधारको माग गर्ने दर्जनौं अमिराती असन्तुष्टहरूलाई लक्षित गर्दै गिरफ्तारी र अभियोजनको क्रम सुरु गरेको थियो ।

प्रख्यात कार्यकर्ता अहमद मन्सुर र शिक्षाविद् नासेर बिन गैथमाथि गत जुलाईमा मुद्दा चलाइएको थियो ।सन् २०१५ अगस्टदेखि सामाजिक सञ्जाल पोस्टका कारण पक्राउ परेका बिन गैथलाई आजीवन कारावासको सजाय सुनाइएको सियाले यसअघि बताउनुभएको थियो ।

मङ्गलबारको मुद्दामा कैदीहरू मध्ये कोही पनि उपस्थित नभएको र प्रतिवादीहरूका वकिलहरू मध्ये एक जना मात्र सत्रमा उपस्थित हुन सक्षम भएको एचआरडब्लुले एमिरेट्स डिटेनिस एडभोकेसी सेन्टर (इडिएसी) लाई उद्धृत गर्दै बताएको छ ।अधिकांश प्रतिवादीहरूलाई भेट्न र पारिवारिक कलहरू अस्वीकार गरिएको बेलायतमा आधारित एचआरडब्लुले बताएको छ । सात निरपेक्ष राजतन्त्रको महासङ्घ संयुक्त अरब इमिरेट्सले आफ्ना शासकहरूमाथि आलोचना र सामाजिक अशान्ति सृजना वा प्रोत्साहन गर्ने कुनै पनि भाषणलाई निषेध गर्छ ।

# लगातार तेस्रो दिन नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाण्डु । यो साता कारोबारको पहिलो दिन उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा पछिल्लो तीन दिन भने लगातार दोहोरो अङ्कको गिरावट देखिएको छ।

बुधबार नेप्से परिसूचक २५ दशमलव १६ अङ्कले घटेर दुई हजार आठ सय २१ दशमलव १३ को विन्दुमा कायम भएको हो । तीन सय आठ कम्पनीको दुई करोड ३३ लाख ४३ हजार दुई सय एक कित्ता शेयर एक लाख एक हजार



छ सय तीन पटक खरिदबिक्री हुँदा रु १० अर्ब ९७ करोड २६ लाख ५४ हजार चार सय ७३ बराबरको कारोबार भएको छ।

बुधबारको कारोबारमा व्यापार समूह शून्य दशमलव ४३ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेको छ। बैंकिङ एक दशमलव शून्य चार, विकास बैंक एक दशमलव ३१, वित्त एक दशमलव ५५, होटल तथा पर्यटन एक दशमलव शून्य पाँच, जलविद्युत् शून्य दशमलव ३७ र लगानी समूह एक दशमलव २४ प्रतिशतले घटेको छ।

त्यस्तै, जीवन बिमा एक दशमलव ४५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९४, लघुवित्त शून्य दशमलव ५०, म्युचुअल फण्ड शून्य दशमलव १५, निर्जीवन बिमा एक दशमलव ५१ र अन्य समूह शून्य दशमलव ७६ प्रतिशतले घटेको छ ।समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र गार्डियन माइक्रोलाइफ इन्स्योरेन्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

सबैभन्दा बढी ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ८४ प्रतिशतले घटेको छ ।रासस

# हिमपातहुँदा किसान खुसी

मुस्ताङ । हिमाली जिल्ला मुस्ताङमा स्याउलगायतका रैथाने बालीको उत्पादन वृद्धि हुने प्रक्षेपण गरिएको छ । स्याउलगायतका रैथाने बालीको समुचित बगैँचा व्यवस्थापनका साथै आंशिक वर्षा र हिमपात भएकाले स्याउ लगायतका रैथाने अन्नबालीको गुणस्तर तथा उत्पादन वृद्धि हुने कृषि ज्ञान केन्द्र मुस्ताङले प्रक्षेपण गरेको हो ।

लगातार जिल्लामा दुई वर्षसम्म अनुकूल मौसममा समेत हिउँ नपरेकाले चिन्तित रहेका कृषकहरु केही दिनअघिको वर्षा र हिमपातले खुसी भएका छन् । जलवायु परिवर्तनको परिरहेका जिल्लाका कृषक दुई दिनअघि परेको आंशिक वर्षासँगै हिउँ परेकाले स्याउलगायत यहाँको रैथाने बाली उवा, फापर, जौ र आलु बालीमा प्रसस्त चिस्यान पुगेकाले यहाँ कृषक हर्षित भएको कृषि ज्ञान केन्द्र कार्यालय मुस्ताङद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।



कृषि ज्ञान केन्द्रका प्रमुख राजेश गुरुङका अनुसार मुस्ताङको स्याउलगायतका रैथाने अन्नबालीको बगैँचा व्यवस्थापन, रोगकीरा नियन्त्रण र अनुकूल समयमा वर्षासँगै हिमपात भएकाले गत वर्षजस्तै यस वर्ष पनि स्याउ तथा अन्य रैथाने बालीको गुणस्तर र उत्पादन राम्रो हुने अनुमान गरिएको छ । जिल्लामा दुइ दिनअघि परेको वर्षासँगैको हिउँले कृषकको खेतीयोग्य जमिनलाई चाहिने चिस्यान पूर्ती भएकाले यस वर्ष स्याउलगायतका अन्नबालीको उत्पादन वृद्धि हुने केन्द्र प्रमुख गुरुङले दाबी गर्नुभयो ।

कृषि ज्ञान केन्द्र मुस्ताङले जिल्लाको विभिन्न स्थानमा पुगेर गरेको स्याउलगायतका रैथाने बालीहरुको स्थलगत सर्वेक्षणमा कृषकहरुले स्याउलगायतका अन्नबालीको बगैँचा व्यवस्थापन राम्रो गरेको निष्कर्ष निकालेको छ।

केन्द्रले जिल्लाका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म, स्थानीय तह, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ, शीतोष्ण बागवानी विकास केन्द्र, कृषि ज्ञान केन्द्र एक्याप एवं सबै सरोकारवाला संस्थाको संयुक्त समन्वय र सहकार्यमा मुस्ताङका कृषकको बगैँचा व्यवस्थापन तथा रोगकीरा नियन्त्रण कार्यमा सबै बालीको अनुगमन गर्दा राम्रो पाइएकाले गुणस्तर र उत्पादनदर यस वर्ष साविकभन्दा वृद्धि हुने अनुमान गरिएको छ।

जिल्लामा गत वर्ष स्याउको उत्पादन राम्रो भएको भए पनि जलवायु परिवर्तनका कारण स्याउको परागसेचन हुने बेलामा हुस्सु र वर्षाले गर्दा स्याउको फूल फुल्ने समयमा प्रतिकूल असर पुगेको थियो। यसका कारण त्यस वर्ष जिल्लामा स्याउको उत्पादन तथा गुणस्तरमा ह्रास आएको थियो । जिल्लाको आर्थिक समृद्धिको मेरुदण्ड स्याउखेती भएकाले यहाँका किसानले स्याउखेतीलाई मुख्य प्राथमिकतामा राखेका छन् । यसका साथै, रैथाने बाली उवा, फापर, जौ र लोकल आलु जिल्लाका कृषि उत्पादनमा पहिचान बनेको छ।

जिल्लामा पुस र माघ, महिनामा स्याउको बगैँचा व्यवस्थापन गरिन्छ। स्याउखेतीका लागि अनाधिकृत हाँगाबिँगाको काँटछाँट, गोडमेल, मलजल, औषधिको प्रयोग र खेतीयोग्य जमिनका सिँचाइको व्यवस्था गर्ने गरिन्छ।

स्याउका अलावा असोज र कात्तिक महिनामा उवा, फापर, जौ र आलुलगायतका बाली लगाएर त्यसको सम्पूर्ण खेती बगैँचाको व्यवस्थापन गर्ने गर्दछन् । उपल्लो मुस्ताङमा भने कृषकले फागुनदेखि उवा, जौ, गहुँ र फापरलगायतका अन्नबाली लगाउने गर्दछन् ।

पछिल्लो समय जिल्लाका कृषकलाई स्थानीय जातका स्याउखेतीसँगै नयाँ बगैँचामा उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउखेती गर्दैआइरहेका छन्। दोस्रो वर्षमै थोरै क्षेत्रफलमा धेरै उत्पादन दिन सक्ने भएकाले मुस्ताङका कृषक हाइब्रिड स्याउखेतीतर्फ आकर्षित हुन थालेका हुन् ।

मुस्ताङको पाँचवटै स्थानीय तहमा स्याउखेती गरिएको छ। राष्ट्रिय गौरवको सडक सञ्जालले यातायात सहज हुन थालेपछि जिल्लाका कृषकले उत्पादन गरेको स्याउलगायतका अन्नबालीको बजारीकरणमा निकै सहज भएको छ । जिल्लामा गग वर्ष सात हजार तीन सय ३० मेट्रिक टन स्याउ उत्पादन हुँदा रु ८३ करोडको स्याउ जिल्ला बाहिर निकासी भएको थियो।

जिल्लाका पाँच स्थानीय तहमा गरी १४ सय हेक्टरमा स्याउखेती गरिएकोमा पाँच सय ८५ हेक्टरमा स्याउ उत्पादन हुने गरेको छ।

जिल्लाको स्याउखेतीले कृषकहरुमा लाभान्वित भएका छैनन्, यहाँका पर्यटन व्यवसायमा समेत टेवा पुगेको छ।

भदौदेखि असोज महिनामा यहाँका स्याउ बगैँचामा लटरम्म स्याउ फल्ने भएकाले मुस्ताङ भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटक समेत स्याउ बगैँचा चाहार्ने, फोटो खिच्ने र बगैँचामै यहाँको स्याउ चाख्ने गर्छन् ।रासस

# तरकारी र फलफूलको थोक मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले बुधबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो । गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी रु ५०, गोलभैँडा सानो (तराई) प्रतिकेजी रु २२, आलु रातो प्रतिकेजी रु ३४, आलु रातो (भारतीय) प्रतिकेजी रु ३२, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ६८, गाजर (लोकल) प्रतिकेजी रु ४०, गाजर (तराई) प्रतिकेजी रु ३०, बन्दा (लोकल) प्रतिकेजी रु १५, बन्दा (तराई) प्रतिकेजी रु १५, बन्दा (नरिवल) प्रतिकेजी रु १५, काउली स्थानीय प्रतिकेजी रु २०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु २५, काउली (तराई) प्रतिकेजी रु २०, मूला रातो प्रतिकेजी रु ४०, मूला सेतो (लोकल) प्रतिकेजी रु १५, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु २०, भन्टा लाम्चो प्रतिकेजी रु ४०, भन्टा डल्लो प्रतिकेजी रु ६० कायम भएको छ।



यसैगरी, मटरकोसा प्रतिकेजी रु ५०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ५०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ५०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ९०, टाटे सिमी प्रतिकेजी रु ७०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ५०, परबर (तराई) प्रतिकेजी रु २००, घिरौला प्रतिकेजी रु ९०, भिगुनी प्रतिकेजी रु ९०, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु १५, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु १५, भिण्डी प्रतिकेजी रु १६०, सखरखण्ड प्रतिकेजी ९०, बरेला प्रतिकेजी रु ५०, पिँडालु प्रतिकेजी रु १२०, स्कूस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु २०, पालुङ्गो साग प्रतिकेजी ६०, चमसुरको साग रु ८०, तोरीको साग प्रतिकेजी रु ४०, मेथीको साग प्रतिकेजी रु ६०, प्याज हरियो प्रतिकेजी रु ३०, बकुला प्रतिकेजी रु ५०, तरुल प्रतिकेजी रु ९०, च्याउ (कन्य) प्रतिकेजी रु १००, च्याउ (डल्ले) प्रतिकेजी रु ३५०, कुरिलो प्रतिकेजी रु १,२०० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ४०, चुकुन्दर प्रतिकेजी रु ६०, सजीवन प्रतिकेजी रु २००, कोइरालो प्रतिकेजी रु ५५०, रातो बन्दा प्रतिकेजी रु ५०, जिरीको साग प्रतिकेजी रु ५०, सेलरी प्रतिकेजी रु १५०, सौफको साग प्रतिकेजी रु ८०, पार्सले प्रतिकेजी रु ३००, पुदिना प्रतिकेजी रु १५०, गान्टे मूला प्रतिकेजी रु ६०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२० र गुन्द्रुक प्रतिकेजी रु ३५० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २५०, स्याउ (फूजी) प्रतिकेजी रु ३५०, केरा (दर्जन) रु १५०, कागती प्रतिकेजी रु २३०, अनार प्रतिकेजी रु ३५०, अङ्गुर (हरियो) प्रतिकेजी रु २००, अङ्गुर (कालो) प्रतिकेजी रु २५०, सुन्तला (भारतीय) प्रतिकेजी रु १५०, तरबुजा (हरियो), प्रतिकेजी रु ६०, मौसम प्रतिकेजी रु २००, जुनार प्रतिकेजी रु १५०, भुइँकटहर प्रतिगोटा रु २००, काँक्रो (लोकल) प्रतिकेजी रु ६०, काँक्रो (हाइब्रिड) प्रतिकेजी रु ४०, रुख कटहर प्रतिकेजी रु ११०, निबुवा प्रतिकेजी रु ७०, नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु ११०, अम्बा प्रतिकेजी रु १४०, लप्सी प्रतिकेजी रु १२०, स्ट्रबेरी (भुइँऐसेलु) प्रतिकेजी रु ३५०, किबी प्रतिकेजी रु ४०० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकेजी रु १००, खुर्सानी सुकेको प्रतिकेजी रु ३३०, खुर्सानी हरियो प्रतिकेजी रु १२०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु १६०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ६०, भेडे खुर्सानी प्रतिकेजी रु ६०, लसुन हरियो प्रतिकेजी रु ५०, हरियो धनिया प्रतिकेजी रु ३५, लसुन सुकेको चाइनिज प्रतिकेजी रु २८०, लसुन सुकेको नेपाली प्रतिकेजी रु २३०, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु ७०, ताजा माछा (रहु) प्रतिकेजी रु ४२०, ताजा माछा (बचुवा) प्रतिकेजी रु ३००, ताजा माछा (छडी) प्रतिकेजी रु ३००, रुख टमाटर प्रतिकेजी रु १८०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ ।रासस

# रेडपाण्डा संरक्षणका लागि जैविकमार्ग

मङ्गलबारे । इलाममा लोपोन्मुख रेडपाण्डा संरक्षणका लागि पहल सुरु गरिएको छ । जिल्लाको सन्दकपुर र माईजोगमाई गाउँपालिकामा रहेको आलु विकास केन्द्रको सरकारी जमिनमा वृक्षारोपण तथा तारबार गरी संरक्षणको पहल सुरु गरिएको हो।



कृषि मन्त्रालयका नाममा रहेको उक्त आठ हजार चार सय २४ रोपनीमध्ये अधिकांश जग्गा प्रयोगबिहीन छ। सोही जमिनको सदुपयोग गरी जैविकमार्ग विकास गर्न लागिएको जनाइएको छ । वन तथा वातावरण मन्त्रालयद्वारा गठित प्राविधिक टोलीले यस विषयमा अध्ययन तथा अनुगमन समेत गरेको छ। टोलीले स्थानीय तथा सो क्षेत्रका जनप्रतिनिधिसँग छलफल समेत गरेको जनाइएको छ।

रेडपाण्डा संरक्षणका लागि रेडपाण्डा नेटवर्कले यसअघि पनि सोही ठाउँमा आठ सय रोपनी जमिन खरिद गरिसकेको छ । उक्त जग्गामा वृक्षारोपण समेत भइसकेको जनाइएको छ। रेडपाण्डा संरक्षण गर्न जैविकमार्ग विस्तारमा लागि जग्गा अपुग भएपछि कृषि मन्त्रालयअन्तर्गतको उक्त जमिन वन तथा वातावरण मन्त्रालय मातहतमा ल्याएर काम अगाडि बढाउन लागिएको हो।

उच्च पहाडी क्षेत्रमा पर्ने जौबारी, मेघमा, तुम्लिङ्गलगायतमा वृक्षारोपण गरी वन्यजन्तु आवतजावत गर्ने जैविकमार्ग बनाउन पहल थालिएको वन तथा भू-संरक्षण विभागका उपमहानिर्देशक एवम् प्राविधिक टोलीका संयोजक धनञ्जय लामिछानेले बताउनुभयो । उहाँका अनुसार पहिलो चरणमा जमिन उपयुक्त छ या छैन भन्ने विषयमा काम गरिनेछ।

सो क्षेत्रमा हाल गाइपालन भइरहेको छ। चरन क्षेत्रका रूपमा रहेको जमिनलाई संरक्षण गर्न र हरियाली बनाउन काम थालिएको हो। रासस

## क्षेत्र निर्धारण सम्बन्धी सार्बजनिक सूचना

**रुपनी गाँउपालिका वडा नं. ०१, रायपुरमा २०० शैयाको युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि. को लागि आवश्यक पर्ने वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्बजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/११/२२)**

मधेश प्रदेह सप्तरी जिल्ला युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि. रुपनी-१, रायपुर द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम | युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि.<br>इमेलः uea.rjb@gmail.com<br>०३१-५३१२४९,९८०१५२०००७ |
| प्रस्तावकको व्यहोरा | २०० शैयाको युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि. संचालन गर्ने कार्यको लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा | रुपनी गाँउपालिका, राजविराज नगरपालिका |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्क (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (दिने) दिनभित्र मिम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | युनिक मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटल प्रा.लि.<br>रायपुर, सप्तरी<br>इमेलः uea.rjb@gmail.com<br>फोन नं. ०३१-५३१२४९,९८०१५२०००७ |
| गाँउपालिकाको नाम र ठेगाना | रुपनी गाँउपालिका<br>गाँउ कर्यपालिकाको कार्यालय<br>रुपनी, राजविराज<br>इमेलः ito.rupanimun@gmail.com<br>फोन नं. ०३१-४५००३५ |
| परामर्शदाताको नाम र ठेगाना | नामः सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि.<br>ठेगानाः विरगंज-१६, पर्सा, नेपाल<br>फोन नं. ९८५१००६६४३<br>इमेलः shambhuprasadchaurasiya@gmail.com |

# बेसारखेतीमा रमाउँदै किसान

इलाम । रोङ गाउँपालिका-४ कोल्बुङस्थित इको चिया उत्पादक सहकारी संस्थामा चार सय ५६ घरपरिवार आबद्ध छन् । तीमध्ये एक सय १५ परिवार व्यावसायिक चियाखेती गर्छन् भने ८० परिवारले बेसारखेती सुरु गरेका छन् ।

सहकारीमा आबद्ध अन्य सदस्यका परिवारले आंशिक रूपमा विविध खेती गरिरहेका छन्। गत वर्ष गाउँपालिकाले बेसारखेती प्रवर्द्धन गर्न सहकारीमार्फत तालिमसँगै र अनुदान उपलब्ध गराएपछि यहाँका किसान चिया र बेसारखेतीमा अकर्षित भएका हुन्।

बाँदरले दुःख दिएर खेती गर्न मन नलागेका बेला रोङ-४ किटेनीकी उर्मिला गुरुङलाई सहकारीले बेसारको बीउ अनुदान दिएपछि उहाँले बारीभरि बेसार लगाउनुभएको छ। "एक रोपनी जमिनमा ४० केजी बेसार रोपेको दश ४०० केजी फल्यो। बाँदरले दुःख नदिने रहेछ । बजार खोज्नु पर्दैन, सहकारीले बारीबाट नै लैजान्छ", गुरुङले भन्नुभयो, "४० केजी एक हजार छ सयका दरले बिक्री भयो।" पहिले-पहिले खानका लागि मात्र रोपिने बेसार व्यावसायिक खेती गर्न थालेपछि मनग्य आम्दानी हुन थालेको उहाँले बताउनुभयो।

सोही वडास्थित गैरीगाउँका हेम लाप्चा र रत्न लाप्चाले पनि जनही ४० केजी बेसार रोप्नुभएको थियो । मनग्य उत्पादन भएपछि उत्साहित उहाँहरुले खेती विस्तार गर्ने योजना सुनाउनुभयो।

सहकारीले किसानलाई पायक पर्ने ठाउँ छानेर सङ्कलन केन्द्र तोकेको छ । त्यहाँबाट रु ३० प्रतिकिलोका दरले किसानले उत्पादन गरेको काँचो बेसार गरिद गर्ने गरिएको सहकारी संस्थाका व्यवस्थापक गणेश अर्यालले बताउनुभयो । 'प्याकेजिङ', 'ब्रान्डिङ' र 'लेभलिङ' पनि सहकारी नै गर्दै आएको छ। "धेरैले सहकारी संस्थाको कार्यालयमा आएर समेत लैजान्छन्", उहाँले भन्नुभयो, "गाउँपालिकामा आउने अतिथिलाई पालिकाले स्थानीय उत्पादन नै कोसेलीका रूपमा उपहार दिन्छ।"रासस

# फोहर बेचेर मनग्य आम्दानी

गोदावरी । धनगढी उपमहानगरपालिका-२ मा सञ्चालित सूक्ष्म वर्गीकरण केन्द्रले कुहिने र नकुहिने फोहर बिक्री गरेर रु ४५ लाख ५५ हजार आम्दानी गरेको छ। केन्द्रले गत आर्थिक वर्षमा रु २५ लाख ५५ हजार र चालु आवको आठ महिनामा रु २० लाख आम्दानी गरेको हो।



उपमहानगरपालिकाका वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थीका अनुसार उपमहानगरपालिकाले आव २०८०/०८१ को साउनदेखि सञ्चालनमा ल्याएको उक्त केन्द्रलाई चालु आवदेखि निजी कम्पनीमार्फत ठेक्का लगाई फोहर बिक्री गर्दै आएको छ । धनगढीको नन्दादेवी सेवा केन्द्रलाई २०८१ देखि २०८६/८७ सम्म पाँच वर्षका लागि ठेक्का दिइएको छ । ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्नेगरी ठेक्का सम्झौता गरेको छ।

उपमहानगरपालिकाका १९ वडामध्ये हाल नौ वटा वडाबाट दैनिक २१ टन फोहर सङ्कलन गरेर केन्द्रले फोहर वर्गीकरण गरी बिक्री गर्ने गरिएको छ । बाँकी १० वटा वडामा सरसफाइ अभियानमार्फत व्यापारिक केन्द्रमा डस्बिन राखेर फोहर सङ्कलन गरिरहेको छ।

प्लास्टिक, फलाम, टिन, आल्मुनियम, रबर, जुत्ता, कागज सबै अलगअलग वर्गीकरण गरेर बिक्री गर्ने गरिएको उपमहानगरपालिकाले जनाएको छ। कुरकुरे र चाउचाउका प्लास्टिकजन्य नकुहिने फोहर व्यवस्थापनमा समस्या भएको छ । यस्तो फोहरलाई वडाको सिफारिसमा खाली जमिनमा व्यवस्थापन गरिँदै आएको बताउँदै अवस्थीले भन्नुभयो, "सङ्कलित फोहरमध्ये ७० प्रतिशत प्रयोगमा ल्याउने गरिएको छ, सङ्कलित फोहरमध्ये कुहिने फोहरबाट बायोग्यास निकालिने गरिएको छ।"

धनगढी बजार र अन्य वडाका बस्तीबाट २१ वटा ट्र्याक्टरमार्फत कुहिने ठोस र नकुहिने फोहर सङ्कलन गरी केन्द्रमा लगेर कागज, प्लास्टिक, धातु, कपडा, सिसा, काठ, दाउरा, विभिन्न किसिमका तार, रेडियो, टिभी, मोबाइललगायत विद्युतीय सामग्री र रबरलाई छुट्याएर राख्ने गरिएको छ । वर्गीकरण केन्द्रमा कागज, प्लास्टिकलगायत फोहर टुक्र्याउन र दबाउन तीनवटा मेसिन राखिएका छन्। उपमहानगरपालिकाले १५ वर्षका लागि वार्षिक रु एक लाख २५ हजारका दरले भाडा तिर्नेगरी दुई बिघा जमिन भाडामा लिई रु ३० लाख लगानीमा केन्द्र सञ्चालनमा ल्याएको हो। रासस

# कानुन विपरीत निर्णय उपकुलपति र रजिष्ट्रार बर्खास्त




**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले कानुन विपरीत मधेश कृषि विश्वविद्यालयका उपकुलपति डा. महादेव महतो र रजिष्ट्रार डा. भगवान ठाकुरलाई बर्खास्त गरेका छन् ।

उपकुलपति र डा. महतो र रजिष्ट्रार डा. ठाकुरलाई बर्खास्त गर्ने निर्णय मंगलबार मध्यरातमा प्रदेश सरकारले गरेको छ ।

मधेश प्रदेशको कानुनी व्यवस्थाका अनुसार उपकुलपति र रजिष्ट्रारलाई पदमुक्त गर्नका लागि न्याय परिषद्को गठन अनिवार्य रहेको छ । तर मुख्यमन्त्री सिंहले भने प्रदेश सरकारको कानुनलाई बेवास्ता गर्दै आफ्नो स्वेच्छाचारीरुपले बर्खास्त गरेका छन् ।

उपकुलपति र डा. महतो र रजिष्ट्रार डा. ठाकुरलाई बर्खास्त गरेपछि मुख्यमन्त्री सिंहको स्वेच्छाचारी व्यवहारको सर्वत्र विरोध हुन थालेको छ ।

पूर्वमुख्यन्यायाधिवक्ता दीपेन्द्र झाले प्रदेशको कानुनी व्यवस्था विपरीत रहेकाले तत्काल न्याय परिषद्को गठन गर्न माग गरे ।

उनले उपकुलपति र रजिष्ट्रारलाई हटाउनका लागि न्याय परिषद्को गठन गर्नुपर्ने कानुनी प्रावधान रहे पनि सोको विपरीत प्रदेश सरकार गएर स्वेच्छाचारी रुपले हटाउन नमिल्ने दाबी गरे ।

विगत केही समयदेखि कृषि विश्वविद्यालयमाथि राजनीतिक दबाब र विवाद चलिरहेको छ । जनमत पार्टी र जसपा नेपाल बीचमा शिलान्यासको विवादका कारण कुटाकुटसमेत भएको थियो । यसमा तत्कालीन शिक्षा मन्त्री महेशप्रसाद यादव घाइते भएका थिए । यस घटनापछि मधेश प्रदेशसभाले छानबिन समिति गठन गरिएको थियो । तर सो प्रतिवेदन हालसम्म सार्वजनिक भएको गरिएको छैन । सो प्रतिवेदन सार्वजनिक नै नगरी उपकुलपति र डा. महतो र रजिष्ट्रार डा. ठाकुरलाई बर्खास्त गरिएको छ ।

यससंगै मधेश कृषि विश्वविद्यालयको विवादले नयाँ मोड लिएको छ । जनमत नेतृत्वको सरकारले कृषि विश्वविद्यालयका लागि १० लाख रुपैयाँको बजेट विनियोजन गरे पनि आर्थिक कारोबार भने विगत सात महिनादेखि ठप्प नै छ । यस निर्णयले अहिले छात्र-छात्रा र विश्वविद्यालयका शैक्षिक अन्योलता सृजना भएको छ ।

# गौर राइस मिल प्रकरण: सडकदेखि सदनसम्म तात्यो

**सञ्जय मिश्र/दिलीप पाण्डेय**

रौतहट । गौर राइस मिलको जग्गा बिक्री गर्ने गौर नगरपालिका बोर्डले गरेको निर्णय गरे लगत्तै सडकदेखि सदनसम्म तातेको छ भने मधेश प्रदेश सरकारसमेत सक्रिय भएको छ ।

प्रतिनिधिसभामा बुधबार सुन्य समयमा आमजनता पार्टीका अध्यक्ष पूर्वमन्त्री प्रभु साहले रौतहटको सदरमुकाम गौर स्थित राइस मिलको जग्गा गौरवको रुपमा रहेको बताएका छन् । उनले गौर राइस मिल केही भुमाफियाको चलखेलमा बेच्ने खेल भैरहेको भन्दै त्यसप्रति सरकारको ध्यानाकार्षण समेत गराए ।

उनले सो षड्यन्त्रको विरुद्धमा अहिले सिंगो गौरवासी नै आन्दोलित रहेको सदनलाई जानकारी गराएका थिए । राइस मिलको नाउँमा रहेको सो जग्गा चलखेल गरेर बेच्न खोजिए पछि गौरवासी आन्दोलनमा रहेको बताउँदै त्यसबारेमा सरकारले जवाफ दिनुपर्ने माग पूर्व मन्त्री साहले माग गरेका थिए ।




**जग्गा बचाउ अभियानीको २४ घन्टे अल्टिमेटम**

राइस मिलको जग्गा बचाउ अभियानीहरुले प्रदर्शन र कोणसभा पश्चात दर्जनौंको संख्यामा गौर नगरपालिकामा पुगेर मेयर शम्भु साहलाई ज्ञापन पत्र बुझाएका छन् । कार्यपालिकाले राताराత बन्द कोठाबा गौर राईस मिलको जग्गा बिक्रि गर्ने गरेको निर्णयप्रति उनीहरूले आपत्ति जनाएका थिए ।

आमजनको अहित हुने र नगर प्रमुख सहित केही जनप्रतिनिधिको व्यक्तिगत स्वार्थपूर्तिका लागि गरिएको निर्णय मान्य नहुने अभियानीहरुको भनाइ रहेको छ ।

एक इन्च जग्गा पनि कुनै भूमाफियालाई नदिने गरी यसअघि भएको निर्णय बदर गर्न २४ घन्टे अल्टिमेट दिइएको छ । राइस मिलको जग्गा बिक्री गर्ने निर्णय फिर्ता नलिए कडा आन्दोलन गर्न बाध्य हुने चेतावनी दिँदै जनताको चाहना विपरीत कदमको प्रतिकारमा हुने सम्पूर्ण क्षतिको जिम्मेवार गौर नगरपालिका र मेयर साह हुनुपर्ने ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

**मुख्यमन्त्री सिंहको गम्भीर ध्यनाकर्षण**

गौर राइस मिलको जग्गा अधिग्रहण बारे मुख्यमन्त्री सतीशकुमार सिंहको गम्भीर ध्यनाकर्षण भएको छ ।

मुख्यमन्त्री सिंहको सचिवालयले बुधबार एक प्रेस विज्ञप्ति जारी गर्दै गौर राइस मिलको जग्गाप्रती गम्भीर ध्यनाकर्षण भएको उल्लेख गरेका छन् । 'ऐतिहासिक, पारम्परिक दृष्टिले अत्यन्तै महत्वपूर्ण मानिँदै आएको गौर राइस मिलको ठूलो भूभाग गुम्न लागेको विषय प्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ । कानुनी जटिलता, स्रोत व्यवस्थापन र संरक्षणमा ठोस प्रयास नहुँदा संकटमा परेको राइस मिलको जग्गा सुरक्षित गर्न प्रदेश सरकार जग्गा अधिग्रहणको लागि प्रक्रियालाई तीव्रता दिन ठोस पहल गर्ने प्रतिवद्धता जनाएको विज्ञप्तिमा उल्लेख गरिएको छ । प्रदेश सरकारको स्तरबाट अधिग्रहण गर्न सकिने भए त्यस विषयमा कानुनी प्रावधानबारे तत्काल विस्तृत अध्ययन गर्न प्रदेशका मुख्य न्यायाधिवक्ता सुरेन्द्र महतोलाई निर्देशन दिएको छु ।'

तथापि रौतहटको धरोहर गौरको मुटु गौर राइस मिल सम्बन्धित कुनै पनि निर्णय हतारमा कार्यान्वयन नगर्न गौर नगरपालिका लगायत आवद्ध संस्थासंग प्रदेश सरकारले आग्रह गरेको छ ।

**कांग्रेस प्रदेश कमिटीको ध्यानाकर्षण**

नेपाली कांग्रेस मधेश प्रदेश कमिटीले बुधबार एक प्रेस विज्ञप्ति जारी गर्दै सार्वजनिक सरकारी सम्पतिको संरक्षण स्थानिय निकायले गर्नुपर्नेमा गौर नगरपालिकाले अन्यथा गरेको भन्दै बिरोध जनाएको छ ।

गौर स्थित २००३ सालमा स्थापना भइ २०३३ सालदेखि बन्द रहेको राइस मिलको जग्गा सम्बन्धमा हाल भइरहेको विकसित घटना क्रमको सन्दर्भमा कांग्रेस मधेश प्रदेशको ध्यानाकर्षण भएको छ । राइस मिलको जग्गा कुनै ब्यक्तिको सम्पती नभएको, कसैको स्वामित्व कायम नभएको, कानुनी वैधानिक संस्थासमेत नरहेको र ५ दशकदेखि सार्वजनिक रुपमा समाजले भोगचलन गर्दै आएको विज्ञप्तिमा भनिएको छ ।

गौर नगरपालिकाले नियतवश मालपोत असुली गरी मुलुकी देवानी संहिता २०७४ विपरीत सार्वजनिक सामुदायिक गुठी वा कुनै व्यक्तिको नाममा नरहेका सरकारी सम्पति मानिने छ । स्थानीय तहले त्यस्ता सम्पतिको संरक्षण गर्ने जिम्मेवारीबाट विमुख भइ गौर नगरपालिका चंगुलमा परी प्रलोभनमा रहेको स्पष्ट भइरहेको कांग्रेस प्रदेश मुख्यसचिव सन्तु प्रसाद यादवद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख गरिएको छ । युवाहरुको खेलकुद मैदान, गौरवासीको भावना प्रतिष्ठासंग जुडेको सो जग्गा अधिग्रहणको लागि पहल गर्न प्रदेश सरकार र गौर नगरपालिकालाई विज्ञप्ति मार्फत आग्रह गरिएको छ ।

**गौर नगर कार्यपालिकाले के निर्णय गरेका थिए**

मेयर शम्भु साहले मंगलबार साँझ नगरको कार्यकक्षमा पत्रकार सम्मेलन गरेर राइस मिलको जग्गा बिक्रीका लागि फुकुवा गर्ने नगर कार्यपालिका बोर्डको निर्णय भएको जानकारी गराएपछि गौरमा चर्चाको विषय बनेसंगै पक्ष र विपक्षमा सामाजिक सञ्जाल फेसबुक तातिएको छ ।

मेयर साहले सो निर्णय गरेर नगरवासीहरूको हितमा काम गरेको दाबी गर्दै केही तत्वहरू गलत प्रचारमा लागिरहेको बताएका थिए । पत्रकार भेटघाटमा उनले गौर राइस मिल्सको जग्गा अधिग्रहण गर्न यस अघीनै नगरपालिकाले ५ करोड रुपैयाँ विनियोजन गरिसकेको थियो । तर सो रकम पर्याप्त नहुँदा संघीय तथा प्रदेश सरकारसँग थप रकमको माग गरिएको बताएका थिए । अधिग्रहणका लागि मधेश प्रदेश सरकारबाट १५ करोड रुपैयाँ बजेट विनियोजन भए पनि कानुनी जटिलता र देशको आर्थिक संकटका कारण नगरपालिकाले सो रकम प्राप्त गर्न सकेन, नगरपालिकाले पटक-पटक पहल गरे पनि आवश्यक बजेट प्राप्त गर्न कठिनाइ भएपछि अन्तत जग्गा बिक्रीको निर्णय गर्नुपर्ने बाध्यता भएको मेयर साहले बताए ।

मैले गौर राइस मिल एण्ड फ्लोर कम्पनीका सञ्चालक समितिसँग वार्ता गरी सहमति गरेको छु। विगत देखी खेल मैदानको रूपमा प्रयोग हुँदैआएको २ बिघा १५ कठ्ठा जग्गा मिल सञ्चालक समितिले निःशुल्क रूपमा गौर नगरपालिकाको नाममा पास गर्ने सहमती भएको छ ।

राइस मिलको जग्गामा रहेको सार्वजनिक बाटो र धर्मशाला नगरको नाउँमा ल्याएर सुरक्षित गरिनेछ उनले भने बाँकी जग्गा कम्पनीलाई फुकुवा गर्ने निर्णय नगरपालिकाले गरिसकेको छ ।

गौर नगरवासीलाई कुनै भ्रममा नपर्न उनले आग्रह गर्दै नगरपालिकाले कुनै आर्थिक लगानी नगरी पूर्ण रूपमा निशुल्क रूपमा जग्गा प्राप्त गर्न लागेको स्पष्ट पारेका थिए ।

अदालतले गौर राइस मिल्सको जग्गा फुकुवा गर्ने फैसला गरिसकेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले फुकुवा गर्ने निर्णय दिइसकेको छ। मालपोत विभागले जग्गा रोक्का राख्नु नपर्ने परिपत्र गरिसकेको छ। नगरपालिकाले कानुनी रूपमा सम्भव नभएको कुनै पनि कार्य गर्ने छैन मेयर शम्भु साहले जिकिर गरेका थिए ।

वि.स.२००३ मा गौर स्थित गौर राइस एन्ड फ्लोर मिलको नाममा स्थापना भएको उद्योगले ५ बिगाहा १९ कठ्ठा १५ धुर जग्गा ओगटेको छ । करिब ५ दशकदेखि स्थानीयले खेल मैदानको रुपमा प्रयोग गदै आएको छ । राइस मिलको जग्गा २०२१ मा भूमि सुधार तथा सर्वेमा गौर राइस एन्ड फ्लोर मिल लेखिएको छ । तत्कालीन सरकार, देशका प्रतिष्ठित केही उद्योगी र केही भारतीयको संयुक्त लगानीमा स्थापना भएको उद्योग केही प्राविधिक कारणले २०३२ बन्द भएको थियो ।

उद्योग बन्द भएपछि बेवारिसे अवस्थामा रहेको जग्गामा स्थानीयले खेलकुदको आयोजना विभिन्न मेला महोत्सव, महायज्ञलगायत विभिन्न मनोरञ्जनात्मक कार्यक्रम तथा राजनीतिक दलहरुको आमसभा गर्दै आएको छ ।

नेकपा एमालेका केन्द्रिय सदस्य अजय कुमार गुप्ता नेकपा एमालेका केन्द्रिय सदस्य तथा जिल्ला ईन्चार्ज अजय कुमार गुप्ताले मेयर साहले गरेको निर्णय सिंगो जिल्लाबासीको लागी दुर्भाग्यपूर्ण रहेको भन्दै दुःख ब्यक्त गरेका छन् ।

त्यस्तै कांग्रेसका नेता तथा सोही क्षेत्रका प्रदेश सांसद नागेन्द्र साहले राइस मिल गौरको जग्गा जनताको धरोहर हो र वर्षौ देखि मेला महोत्सव खेल मैदानको रुपमा प्रयोग हुँदै आएको बताए ।

# हुलाकी राजमार्ग अभियान आजबाट पुन: शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाबाट स्थगित भएको नेकपा माओवादी केन्द्रको पूर्वपश्चिम अन्तर्गतको हुलाकी राजमार्गसहितको 'जनतासँग माओवादी तराई मधेश जागरण अभियान' बुधबार पुनः महोत्तरीबाट शुरु हुँदैछ । महोत्तरी जिल्ला माओवादी पार्टी कार्यालयका अनुसार अभियान पुनः शुरु गर्न बुधबार अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसहित पार्टी पदाधिकारीको टिम महोत्तरी मटिहानिको तुलसियाही छन् ।



तुलसियाही पुलबाट जनता भेटघाट यात्रा शुरु हुने माओवादी महोत्तरीका इन्चार्ज राजु खड्काले जनाएका छन् । खड्काले जनाए अनुसार जिल्ला पार्टी, पार्टीको नगर कमिटी, मटिहानी नगरपालिका, लक्ष्मीनारायण मठका महन्त र व्यापार संघ मटिहानिले गर्ने स्वागत कार्यक्रम तथा भेटघाटपछि अध्यक्ष प्रचण्डसहित सिंगो टिम जलेश्वर बास बस्ने छन् ।

बिहीबार बिहानदेखि जलेश्वरमा पुनः जनता भेटघाट गर्ने, बिहानी यात्रा गर्ने, भिठामोड सुख्खा बन्दरगाह क्षेत्र अनुगमन गर्ने र पार्टीका विविध कार्यक्रमपछि बुधबार दिउँसो १२ बजे सम्सी गाउँपालिकाको बजारमा खबरदारी सभालाई अध्यक्ष प्रचण्डसहितका नेताहरुले सम्बोधन गर्ने कार्यकालिका रहेको उनले बताए । बुधबार जलेश्वरमा नेता कार्यकर्ता, शुभेच्छुक तथा जनताको घरमा नेताहरु बास बस्ने गरी व्यवस्थापन गरेको जनाइएको छ । महोत्तरीको मटिहानीदेखि सोनामा खैरबनीसम्म ४ पालिका अन्तर्गत ३२ किलोमीटर क्षेत्रमा अभियानमा नेता तथा कार्यकर्तालाई स्वागत गर्न ३२ वटा स्वागत गेट बनाइएको र सबै तयारी पूरा भएको उनले बताए ।

# सांसद किनबेचको अभिव्यक्तिप्रति प्रभु साहद्वारा सभामुखको ध्यानाकर्षण

**टुडे समाचारदाता**



काठमाण्डु । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले सरकार सांसद किनबेचमा लागेको भन्ने कुरा सुनिएको भन्दै त्यसबारे सरकारको जवाफ मागेका छन् ।

सत्ता गठबन्धनकै प्रमुख नेताले अध्यादेश पारित गराउनको लागि सरकारले यो काम गरिरहेको भनेर आरोप लगाईराखेका छन् । अहिलेको २१औं शताब्दीमा, यो आधुनिक युगमा सांसद किनबेचको विषय लाजमर्दो छ', साहले भने, 'सिंगो संसद नै अपमानित हुने यो विषयमा सभामुखज्यू गम्भीर हुन जरुरी छ । यो विषय यसरी संसदको नै अपमान हुनेगरि प्रसारित हुँदा सरकारले पनि जवाफ दिन जरुरी छ । होईन भने एउटा जिम्मेवार सांसदले यसरी आरोप लगाउन मिल्छ कि मिल्दैन् ? मिल्छ भने यसमा कानून लाग्छ कि लाग्दैन भनेर म विशेष आग्रह गर्न चाहन्छु ।'

केही दिनअघि जसपा अध्यक्ष एवं सांसद उपेन्द्र यादवले सरकार अध्यादेश पारित गराउनको लागि सांसद किनबेचमा लागेको भनेर आरोप लगाएका थिए । त्यही विषयमा आज साहले संसद्मा कुरा उठाएका छन् ।

रौतहटमा स्थानीय प्रशासनको आतंक चलेको घट्ना पनि साहले उठाए । जिल्ला प्रहरी कार्यालय रौतहटमा कार्यरत प्रहरी नायब उपरीक्षक (डिएसपी) दिपककुमार रायसंगको व्यक्तिगत रिसिईबीका कारण बौद्धिमाई नगरपालिकाका निर्दोष बृद्ध गंगाराम बैठालाई फसाउने काम भएको बारेमा समेत उनले सरकारसंग जवाफ माग गरेका छन् ।

'अहिले रौतहट आन्दोलित छ । त्यहाँका स्थानीय प्रशासनले दोषीलाई निर्दोष र निर्दोषलाई दोषी बनाईराखेको छ । त्यसकारण रौतहट अस्तव्यस्त छ । एकजन वृद्ध दलित गंगाराम बैठा जो निर्दोष मानिस हुन, बिनाकारण उनलाई फसाईएको छ । स्थानीय डिएसपीको रिसिईबीको कारण उनी थुनामा छन् । त्यसका परिवार धर्नामा छन्, दलित अगुवा आन्दोलनमा छन्' साहले भने ।

रिंकु सदा मृत्यु प्रकरण:

# मुख्य आरोपी पक्राउ

**टुडे समाचारदाता**

लहान । सिरहाको नवराजपुरकी रिंकुकुमारी सदाको सामूहिक बलात्कार र शंकास्पद मृत्यु घटनाका मुख्य आरोपी रुपेश मण्डल पक्राउ परेका छन् । मुख्य आरोपी मण्डललाई सिरहा प्रहरीले पक्राउ गरेको जनाएको छ ।

गत माघ २७ गते राति शौच गर्न बाहिर निस्केकी रिंकुलाई स्थानीय तीन युवकले सामूहिक बलात्कारमा गरेका थिए । सो




बलात्कार घटना माघ २९ गते र ३० गते पञ्चायत बसेर गाउँमै मिलाउने प्रयास समेत गरिएको थियो ।

पञ्चायतले बलात्कारका पीडकबाट १ लाख ४० हजार रुपैयाँ जरिवाना भराउने र पीडितलाई प्रहरीमा जान नदिने निर्णय भएको थियो । तर पञ्चायतमा कुरा नमिल्दा पीडक पक्षको धाकधम्कीका कारण गत माघ ३० गते पीडित किशोरी रिंकु आफ्नै घरमा झुन्डिएको अवस्थामा मृत भेटिएकी थिइन् ।




# राराब क्याम्पस स्ववियु निर्वाचनको बैठक निष्कर्षविहीन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामस्थित रामस्वस्वरुप रामसागर बहुमुखि क्याम्पस (राराब) मा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि विद्यार्थी संगठन र निर्वाचन समितिबीचको बैठक निष्कर्षविहीन भएको छ ।

सो बैठकमा निर्वाचनमा धाँधली हुन सक्ने, फर्जी विद्यार्थीको मतदान हुनेलगायतका सम्भाव्यताबारे विद्यार्थी संगठनले आपत्ति जनाएको थियो ।

निर्वाचन समितिले विद्यार्थी संगठनको मागलाई अस्वीकार गर्दै निर्वाचनको समयमा आइडी कार्डको व्यवस्था गर्न सम्भव नभएको जिकिर गरेको छ । यसको कारणले विद्यार्थी संगठनले निर्वाचनको निष्पक्षता सुनिश्चित गर्नका लागि व्यवस्थापनको पुनरावलोकन गर्नुपर्ने माग राखेका थिए ।

निर्वाचन समितिका सदस्य सचिव गुल्जार राउतले भने, 'हुन त, निर्वाचन अधिकृतले आज सबै विद्यार्थी संगठनलाई समन्वयका लागि बोलाएका छन् । हामी विश्वास गर्छौं कि छलफलबाट कुनै निष्कर्ष निस्कने छ ।'

समाजवादी विद्यार्थी युनियन नेपालका राराब इकाइ अध्यक्ष गौतम यादवले भने, 'हाम्रो माग पूरा नभएसम्म हामी चुनावमा भाग लिने छैनौं । केही विद्यार्थी संगठन र विद्यार्थीको इच्छा पूरा गर्न क्याम्पसको भविष्यलाई दाउमा लगाउने काम हामीले गर्न सक्दैनौं ।'

राराब क्याम्पसमा अखिल क्रान्तिकारी, लोकतान्त्रिक विद्यार्थी संघ, समाजवादी विद्यार्थी युनियन नेपाल, नेपाल विद्यार्थी संघ, जनमत विद्यार्थी संघ, राष्ट्रिय विद्यार्थी मञ्च लगायतका विभिन्न विद्यार्थी संघसंगठनहरु मिलेर आन्दोलन गर्दैछन् ।

विद्यार्थी संगठनले निर्वाचनलाई निष्पक्ष बनाउनका लागि एकजुट भइ संघर्ष गर्ने तयारीमा रहेको जनाएको छ ।

रोयल डेन्टल सप्लायर्स
मिल्स एरिया, जनकपुरधाम-१, धनुषा

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

यस सप्लायर्सको मार्केटिङ्का लागि कर्मचारी आवश्यकता भएको हुँदा अनुभव प्राप्त व्यक्तीहरुले चाडो आफ्नो बायो डाटा फोटो समेत निम्न योग्यता अनुसार सम्पर्क राख्नु हुन जानकारी गराईन्छ ।

तपसिल

(१) शेक्षिक योग्यता SLC वा +२ उत्तिर्ण भएको ।
(२) अंग्रेजी पढ्न लेख्न सक्ने ।
(३) मार्केटिङ्ग सम्बन्धी अनुभवको विशेष ग्राहयता ।
(४)पुरुष तथा महिला समेत

सम्पर्क

प्रो. ज्ञानेन्द्र प्रसाद साह

मो.नं. ९८४४१०४०६०, ९८०७८९९१५५ (whatsapp)

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८